Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक


वर्ष-१२ , अंक- ४, २०७६ साल भदौ ३ गते शुक्रबार (August 20, 2019) www.janaakash.com.np मुल्य रु १०।-

# नेकपामा नेपाललाई झट्का

- झलनाथ खनालको बढुवा ।
- माकुनेको वरियता घटुवा ।
- बामदेव बलियो स्थितिमा ।
- प्रचण्ड नेकपाको अध्यक्ष बन्न सक्ने ।
- नेकपाबाट नारायणकाजीलाई पाखा लगाउँदै ।
- इश्वर पोखरेलको पल्लाभारी ।
- विष्णु पौडेल संकटमा ।
- भीम रावल तङ्ग्रीदै ।
- बादल अलमलमा ।
- तल्ला कमिटीहरुमा असन्तुष्टिको चाङ ।

**मोहन कार्की**

नेकपा अर्थात् नेपाल कम्युनिष्ट पार्टी डबलको स्थायी कमिटीको बैठकले केही दिन अगाडी मात्र संगठन विभागमा देखिएको विवादका बाबजुद नेकपाका स्थायी कमिटी सदस्य ईश्वर पोखरेललाई संगठन विभागीय प्रमुख बनाएपछि पूर्व माओवादी भित्र समेत निकै चर्चामा रहने गरेका र गोर्खा स्थायी भएका नारायणकाजी श्रेष्ठलाई जसरी डा. बाबुराम भट्टराईलाई पाखा लगाउन पुर्व माओवादीले प्रयोग गरेको थियो त्यसैगरी अहिलेको डबल नेकपाले नारायणकाजी श्रेष्ठलाई पाखा लगाउने नीति अनुरुप संगठन विभागको जिम्मेवारी दिने डंका पिटेर अन्तमा खिस्रिक्क पारिदिएको छ । यसले नारायणकाजी श्रेष्ठलाई विस्तारै नेकपामा पाखा लगाउँदै लाने संकेतको रुपमा अनुमान गर्न थालिएको छ ।




त्यस्तै अर्को संकट नेकपाका महासचिव समेत रहेका विष्णु पौडेललाई देखिन्छ । कुनै बेला पूर्व एमालेका अध्यक्ष केपी शर्मा ओलीको दाहिने हात भनेर समेत चिनिएका तर पछिल्लो समय नेकपा माओवादी र एमालेको पार्टी एकीकरणपछि बनेको डबल नेकपामा प्रचण्डको पक्षमा लागेको ओली पक्षको बुझाइने गर्दा त्यसैको प्रतिशोधको रुपमा बालुवाटार जग्गा प्रकरणमा नेकपा-नेकपामा मुखपत्र पत्रिकाले महासचिव विष्णु पौडेलको विरुद्ध दिनहुँ समाचार प्रवाह गरिरहेको देखिन्छ । यही अवस्था घटना विकास गर्दै जाने हो भने डबल नेकपाका महासचिव विष्णु पौडेलको नेकपा पदीय हैसियत आउँदो महाधिवेशन अगावै संकटमा पर्न सक्ने देखिन्छ । त्यो अरुको कारण नभएर प्रधानमन्त्री ओलीको कारणले त्यो अवस्था आउन सक्ने बाम विश्लेषकहरुको भनाइले त्यही संकेत गर्दछ ।

नेकपा माओवादी जनयुद्ध कालमानै प्रचण्डको पेलानमा परेका र सांस्कृतिक कारवाही भोगेका रामबहादुर थापा बादलले अहिलेका गृहमन्त्री नेकपाका नेता पार्टी समिकरणपछि केपी ओली खेमामा लागेको देखिए पनि २०७४ प्रतिनिधिसभा निर्वाचनमा पराजित भएपछि चुपचाप बसेका बामदेवले पुनः नेकपामा उपाध्यक्षको हैसियत बनाएपछि बादल अलमलमा परेका छन् । बादलको केपी पछि नेकपा भित्र

बाँकी ८ पृष्ठमा

## सिदार्थ बैंकको एटिएममा समस्या




काठमाडौं । सिदार्थ बैंक लि बाट सरल, छिटो र सुविधाको लागि खाता खोलेर एटिएम लिएका ग्राहकहरुले समस्यै समस्या भोग्नु परेको जन गुनासो थाहा हुन आएको छ । सिद्धार्थ बैंकको अहिले आन्तरिक व्यवस्थापनमा समस्या उत्पन्न भएपछि एकपछि अर्को गर्दै समस्याले ब्याप्त बन्दै गएको बाँकी ८ पृष्ठमा

## प्रदेशस्तरीय भेला-प्रशिक्षण गर्दै माओवादी केन्द्र चार प्रदेशमा सम्पन्न, बाँकी तीनको तयारी तिब्र

**विमल शाही**

ललितपुर । एकता तथा ध्रुबिकरण प्रकृयासँगै नेकपा नेकपा (माओवादी केन्द्र) ले देशव्यापी रुपमा प्रदेश स्तरिय भेला, प्रशिक्षण तथा बैठकहरु सञ्चालन गरिरहेको छ । केन्द्रीय पार्टीको योजना अनुसार त्यस्ता कार्यक्रमहरु सञ्चालन भएका हुन् । त्यहि सन्दर्भमा आइतबार माओवादी केन्द्रको नेवा-ताम्सालिङ प्रदेश समितिको




बैठक-प्रशिक्षण तथा भेला सम्पन्न भएको छ । भेलाबाट पासाङ मोक्तानको अध्यक्षतामा ५३ सदस्यीय प्रदेश समिति निर्वाचित भएको छ । विस्तारित बैठक र प्रशिक्षण गरी दुई चरणमा सम्पन्न भएको उक्त कार्यक्रममा पार्टीका केन्द्रीय अध्यक्ष गोपाल किरातीको प्रम'ख आतिथ्यता रहेको थियो ।

नेकपा (क्रान्तिकारी माओवादी) बिद्रोही समुहबाट एकता प्रकृयामा आएका नेताहरुलाई प्रदेश पार्टीमा समावेश गर्दै उक्त विस्तारित बैठक अगाडि बढेको थियो । उक्त कार्यक्रममा पार्टीका उपाध्यक्ष तिलक थापा, सचिव राजन तिमल्सिना, पोलिटब्यूरो सदस्य आलोक रायमाझी, मेघ बहादुर खत्री, टिपी गौतम, प्रेस सेन्टर नेपालका केन्द्रीय अध्यक्ष लोकराज जैसी लगाएको आतिथ्यता रहेको थियो ।

उक्त कार्यक्रमसँगै क्रान्तिकारी माओवादीबाट एकता प्रकृयामा आएका नेताह?लाई भव्य स्वागत सहित चारवटै प्रदेश र जिल्लाहरु बाँकी ८ पृष्ठमा

## भदौ १० देखि भृकुटीमण्डपमा 'नाडा अटो शो' हुने

काठमाडौँ । १४औँ संस्करणको अटो शो भदौ १० देखि १५ गतेसम्म भृकुटीमण्डपमा हुने भएको छ । नाडा अटोमोवाईल्स एशोसिएशन अफ नेपालले आइतबार पत्रकार सम्मेलन गरी उक्त जानकारी दिएको हो ।




उक्त प्रर्दशनीमा ठूला-साना गरी एक सय ६० वटा स्टलहरु रहने कम्पनीले जनाएको छ । सर्वो वल्ड लुब्रिकेन्ट्सको प्रायोजनमा हुन लागेको सो प्रदर्शनीमा २३ वटा ब्राण्डका चार पाङ्ग्रे गाडी, १९ वटा बौण्डका २ पाङ्ग्रे गाडी, ९ वटा ब्राण्डका टायर, ५ वटा ब्राण्डका ब्याट्री, १४ वटा ब्राण्डका पाटपुर्जा र ग्यारेजका उपकरणहरु रहने छन् भने १३ वटा वित्तिय संस्थाहरुको पनि सहभागिता रहने नाडा तयारी सममितिका संयोजक निराकर श्रेष्ठले बताए ।

यस वर्ष विद्युतीय र हाईब्रिड गरी ५ वता कम्पनीहरुले सहभागिता जनाउँदै छन् भने केही य वर्ष केही नयाँ कम्पनीले समेत आफ्नो प्रडक्ट ल्याने तयारी गरेको संयोजक श्रेष्ठले बताए । यस्तै नाडा अटोमोवाईल्स एशोसिएशन अफ नेपालका कार्यबाहक अध्यक्ष कृष्ण प्रसाद दुलालले यस ग्रपले देशभर रहेका गाडीहरुको अवस्था कस्तो रहेको छ र गाडीहरुका बारेमा नयाँ-नयाँ फिचरका बारेमा जानकारी दिन प्रदशन गर्ने बताए ।

उनले भने 'हामी गाडी मात्र बिक्रि मात्र गर्दैनौ । हामी सडक दुर्घटनाबाट कसरी जोगिने भनेर र यातायात सम्बन्धी आइ पर्ने कुराहरु सम्पूर्ण कुराहरु हामी देखाउने र बुझाउने कुरा गर्छौ । जसका लागि सुरक्षा कक्षाका लागि ट्राफिक प्रहरीहरुको स्टल समेत राखिएको छ । यसमा सुरक्षा सम्बन्धी वृत्तचित्र समेत देखाइने छ ।'

विगतका केही वर्ष राम्रो व्यापार

बाँकी ८ पृष्ठमा

## आइएमई लाइफले मनायो दोस्रो वार्षिकोत्सव

काठमाडौं । आइएमई लाइफ इन्स्योरेन्स कम्पनीको ब्यबसायिक कारोवार बिधिवतरुपमा सञ्चालन भएको दुई वर्ष पूरा भएको छ । कम्पनीले उक्त अवसरमा एक कार्यक्रमको आयोजनागरि दोस्रो वार्षिकोत्सब मनाएको छ ।

उक्त कार्यक्रममा सुभकामना मन्तब्य दिनुहुदै कम्पनीका सञ्चालक समितिका




अध्यक्ष डा. रामहरि अर्यालले बीमा बजारमा कम्पनीले प्रतिस्पर्धात्मक उपस्थिति जनाएको बताउनु भएको छ । चालु आ.व.२०७६/७७ मा थप शाखा बिस्तार गरि बीमित, अभिकर्ता एवं सेवाग्राहीको पहुँचलाई सर्वसुलभ, छिटो छरितो सेवा पुर्‍याउने, मानव संसाधनमा गुणात्मक तथा रचनात्मक अभिवृद्धिका लागि आवश्यक तालिमको ब्यबस्था तथा उत्प्रेरणा हुने खालको निति तर्जुमा गरिने जानकारी गराउनु भयो । कम्पनीले नियमनकारी निकाय बीमा बाँकी ८ पृष्ठमा

## स्वयम्भूमा मेगा बैंकको एक्सटेन्सन काउन्टर

काठमाडौँ । मेगा बैंक नेपाल लिमिटेडले काठमाडौँको स्वयम्भु ठूलो भऱ्याङस्थित यातायात व्यवस्था



कार्यालयको परिसरमा एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ ।

मेगा बैंकका नायब महाप्रबन्धक तुलसीराम पोखरेल र यातायात व्यवस्थाप कार्यालय ठूलो भऱ्याङका कार्यालय प्रमुख कमला थापाले एक समारोहबीच संयुक्त रुपमा एक्सटेन्सन काउन्टरको उद्घाटन गर्नुभयो । योसँगै

बाँकी ८ पृष्ठमा



‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’– *मोहन कार्की*

## सम्पादकीय

# बजारमा फैलिएका हल्लाहरु के हुन् ?

नेपाल सरकारले एक मुद्धा सागमा पनि कर उठायो, कम्पनी रजिष्टारमा दर्ता गरी आन्तरिक राजश्वमा प्यान लिई कारोबार गरिरहेका कम्पनीलाई वडाका, नगरपालिकामा दर्ता अनिवार्य गर्नुपर्ने बनायो लेकमा बल्ल बल्ल बर्षमा एकबाली फल्ने आलु बेच्न जाँदा गाउँपालिकाले कर लगायो, यो सरकार भन्दा त राजतन्त्र ठिक थियो भन्दै जनताहरुले गाउँदेखि शहरसम्म हल्ला गरेको सुनिन्छ । यो किन भइरहेको छ ।

राजतन्त्रको अवशान भएपछि चुपचाप बसेका पूर्वराजा ज्ञानेन्द्र र उनका पुर्खाहरुले सार्वजनिक स्थलमा कुनै पनि प्रतिक्रिया दिएका छैनन् । राजतन्त्र समर्थक, हिन्दुधर्ममा आस्था राख्नेहरुले राजतन्त्रको पुर्नवहाली गर्नुपर्छ भन्नु त लोकतन्त्रमा माग गर्न पाउँछन् । त्यो स्वभाविक हो । तर वास्तविकता भन्दा फरक ढंगबाट अगाडि बढेको देखिन्छ कतै जुलुस, धर्न भिडभाड जम्मा भएर राजतन्त्र फर्काउनु पर्‍यो, राजतन्त्र हुनुपर्छ भनेर आन्दोलन गर्ने कतै पनि अचेल देखिएका छैनन् । तर बाटोमा हिंड्ने बटुवा, ज्यामी काम गर्ने मजदुर, निजामती कर्मचारीहरु, गाडी चलाउने चालकहरु, प्रहरी सेवामा कार्यरत प्रहरीहरु गाउँका किसानहरु, शहरमा पत्रपत्रिका पसलमा पत्रिका पढ्न आउने शैक्षिक बेरोजगारहरु, विदेशमा रोजगारको शिलसिलामा काम गर्न गएका नेपालीहरुको फेसबुकमा अचेल प्रत्यक्ष अप्रत्यक्ष राजतन्त्रको पुनः बहालीको लागि बहुसंख्यक नेपालीहरुले लेख्न र बोल्न थालेका छन् ।

चुपचाप आफ्नो मर्यादामा बसेका नेपाली सेनालाई एक खालका मान्छेहरुले सैनिक के हेरेर बसेका छन् । नेपालमा विदेशी हस्तक्षेप बढ्दो यो सरकारलाई किन कु नगरेको जस्ता हल्लाहरु व्याप्त छन् । यतिबेला पूर्वराजा पनि चुपचाप छन् । तर देशका विभिन्न ठाउँमा जनताहरु भने विस्तारै सरकारको काम गराई र प्रबृत्ति देखेर नयाँ व्यवस्था भन्दा पुरानै पनि ठिक थियो भन्दै हल्ला गर्न थालिसेका छन् । त्यो जायज पनि होला । किनकी नेपालमा नयाँ परिवर्तनको नाममा राष्ट्रिय उद्योगहरु समाप्त गरिएका छन् । नयाँ परिवर्तनको नाममा कोशी, गण्डकी, महाँकाली जलस्रोतको अधिकार नेपालीबाट खोसेर भारतीय हातमा सुम्पिएको छ ।

ब्यापारमा डब्लुटिओको सदस्य राष्ट्र नेपाल भए पनि भारतको नीति र योजना बाहेक नेपालले केही बिक्री वितरण गर्न नपाउने जस्ता अप्ठ्यारो पार्दै नयाँ व्यवस्थाले नेपालीको अधिकारमाथि झनझन दमन गर्दै लगेको हुँदा बजारमा उठेका हल्लाहरु वास्तमै भोलिका दिनमा आन्दोलनको रुप बन्यो भने कसले नेतृत्व गर्ला फेरी उही पुरानै नेपालको हितमा केही नगर्ने रोजगारको लागि एउटा उद्योग नखोल्ने बिदेशीलाई आरोप लगाएर राष्ट्रवादी बन्नेकै बोलवाला हुन्छ वा राष्ट्रमा आत्मनिर्भर हुने खालको योजना नीति, कार्यक्रम बनाउन सक्ने सक्षम योग्य, नेतृत्व आउँछ त्यो विषयमा राम्रो ख्याल गरेर मात्रै आन्दोलन वा सरकार सत्ता परिवर्तन गराउनु ठिक हुन्छ होला । व्यक्ति, व्यवस्था फेरिए यहाँ परिवर्तन हुँदो रहनेछ । यहाँ त प्रबृत्ति फेरियो भनेर देशभक्त राष्ट्रभक्ति भावनाले ओतपोत भएको नेतृत्व नेपालले पायो भने मात्र नेपाल राष्ट्रको स्वाभिमान चुलिन्छ । त्यतापट्टी ध्यान दिन जरुरी छ ।

# समस्या आइसकेपछि समाधान खोज्न थाल्ने प्रवृत्ति

संगीता रेग्मी

नेपाल बाढी पहिरोजन्य विपद् जोखिमको दृष्टिमा ३० औं, जलवायु परिर्वतनजन्य विपद् जोखिममा चौथो, भूकम्पीय जोखिमका दृष्टिले ११ औं र बहुप्रकोपीय विपद् जोखिमका दृष्टिले २० औं स्थानमा पर्छ भने तराई/मधेश त झन् हरेक वर्ष बाढी, डुबान, शीतलहर, हावाहुरी, आगजनी जस्ता विपत्तिहरूबाट पीडित हुने गरेको छ । यस्ता विपत्तिहरूबाट त्यस क्षेत्रका जनताको जनजीवन अस्तव्यस्त हुने गरेको छ । मानव विकास सूचकांकमा सबैभन्दा पछाडि परेको प्रदेश २ लाई यस्ता विपत्तिहरूले झन् पछाडितिर धकेल्दै लगेको छ ।

विश्वमा प्रकोपबाट मर्नेहरू मध्ये ५६ प्रतिशत अर्थात् ५१ हजार मानिस दक्षिण एसियामा प्रकृतिप्रदत्त र मानवसिर्जित प्रकोपमा परेर वर्षेनी मर्दछन् र सरदर ७ करोड ७० लाख मानिस प्रभावित हुन्छन् । सम्पूर्ण दक्षिण एसियामै प्रकोपद्वारा प्रभावित भई मृत्यु हुनेको दर नेपालमा सर्वाधिक अर्थात् शून्य दशमलव ४ प्रतिशत रहेको छ । यसले नेपालको प्रकोप प्रतिकारका निमित्त गरिने पूर्वतयारीको अवस्था कमजोर रहेको प्रष्ट देखिन्छ । यो वर्ष मात्रै बाढी र पहिरोमा परि ११५ जनाको मृत्यु, ३८ जना बेपत्ता, ६९ जना घाइते भए भने १३ हजार ४४ परिवार विस्थापित भएका छन् । ६ लाख ७९ हजार ६ सय जना डुबानबाट प्रभावित भएका छन् । यस वर्ष प्रदेश २ का ८ वटै जिल्लामा बाढीको कारण ३५ जनाको मृत्यु भएको छ । यस्तै बाढी तथा डुबानको कारणले यहाँको ३ हजार ६ सय ८५ वटा घर पूर्ण रूपमा क्षतिग्रस्त हुनुका साथै ६ लाख ७४ हजार १ सय ८८ प्रभावित भएका छन् ।

प्रदेश नम्बर २ मा मात्रै कृषितर्फ ३ अर्ब ५९ करोडको क्षति भएको छ भने ७७ हजार ३४ हेक्टर क्षेत्रफलको धान तरकारीमा १ अर्ब ९७ करोडको क्षति भएको छ । त्यस्तै पशुपालन तर्फ ८९ हजार २ सय ८९ पशुपन्छी मरेर १ अर्ब ६२ करोडको क्षति भएको छ ।

तथ्यांकमा देखिएको क्षति माथि विश्लेषण जति गरे पनि अप्रत्यक्ष रूपमा भएको वास्तविक क्षति भने आंकलन गर्न सकिदैंन । केही सूचकांकहरूलाई आधार मानेर यति क्षति भयो भनेर क्षतिको विवरण निकालिएको हुन्छ । त्यसलाई नै आधार मान्दा पछाडि अन्य धेरै विषयहरू छुटेका हुन्छन् । कैयौं बिघामा लगाएको धान खेती नष्ट हुँदा बर्ष दिनसम्म खान पुग्ने अन्नको अभाव हुने देखिएको छ । स्कुल भत्किदा, बालबालिकाको पुस्तकहरू भिज्दा उनीहरूको पठनपाठनमा प्रभाव परेको छ त्यस्तै पुल, बाटोघाटो, नाला आदि बिग्रदा दैनिक रूपमा हुने आवातजावत सुचारू हुन सकेका छैनन् । बालबालिका, सुत्केरी, अपांग, वृद्धहरूलाई उचित पोषणयुक्त पौष्टिक आहारको अभाव भइरहेको छ भने उनीहरूलाई सुरक्षित बासस्थानको व्यवस्था मिलाउन सकिएको छैन । अस्थायी टहरामा बस्दा विभिन्न सरूवा रोगहरूको संक्रमण हुनुका साथै किशोरी तथा महिलाहरू असुरक्षित हुन्छन् कि भन्ने चिन्ताको विषय बनेको छ ।

कोरिडोर सडकका नाममा नदीलाई साँघुरो बनाउने, नदी खोला मिचेर बस्ती आवास गृह बनाउने, अव्यस्थित शहर विस्तार तथा प्लानिङका नाममा पानीको निकास बिनाका संरचना निर्माण लगायत कारणले पनि बर्षेनि डुबानको समस्या बढाएको छ । समस्या पर्दा मात्र योजना बनाउने र पछि त्यतिकै बेवास्ता गर्ने प्रवृतिले प्राकृतिक प्रकोपको क्षति न्यूनीकरणको लागि हुने पूर्वतयारी प्रभावकारी हुन सकिरहेको छैन । समस्या आईपरिसकेपछि मात्रै समाधान खोज्न थाल्ने प्रवृत्ति अहिले पनि यथावतै छ ।

गर्मीमा लू, जाडोमा शीतलहर र वर्षामा बाढीका कारण मधेशमा जनधनको व्यापक क्षति हुने गरेको कुरा छर्लगं छ । गर्मी मौसममा चल्ने हावाहुरी पनि त्यहाँको अर्को एउटा कहर हो । प्राकृतिक विपद् कति बेला आइलाग्छ भन्ने ठ्याक्कै भन नसकिए पनि मौसम बदलिएसँगै आइलाग्ने समस्याबारे सजग हुन भने सकिन्छ ।

सरकारले प्राकृतिक विपद्सम्बन्धी वार्षिक कार्यतालिका बनाएर पूर्वतयारी गर्ने हो भने यस्ता विपद्बाट जनधनको क्षति कम गर्न सकिन्छ । सरकारले प्राकृतिक विपद्मा परेकालाई सहयोग पुर्‍याउन केन्द्रमा प्रधानमन्त्री राहत कोष र प्रदेशमा मुख्यमन्त्री राहत कोष पनि बनाएको छ । तर, हरेक विपद्पछि उही विषय बारम्बार उठिरहेको हुन्छ, प्रभावित मानिसले बेलैमा राहत पाएनन् । सरकारको संयन्त्रले चुस्त ढंगले काम गर्न नसक्दा विपदमा परेकाहरू थप मर्कामा पर्ने गरेका छन् । तथ्यकांले नै बोल्छ-बाढी तथा डुबानमा परेका मधेशका जिल्लामा केन्द्र सरकार होस् वा प्रदेश सरकार, दुवैले प्रभावकारी राहत पुर्‍याउन सकेको छैन । संघीय, प्रदेश तथा स्थानीय सरकारले समन्वय गरेर बाढी तथा डुबानमा परेकालाई राहत वितरण र घरबारविहीनलाई बासको व्यवस्था मिलाउन तीव्र गतिमा काम गर्नुपर्छ ।

हरेक प्राकृतिक विपद्पछि आइलाग्ने समग्र समस्यालाई न्युनीकरण गर्न केन्द्र र प्रदेश सरकारले पर्याप्त तयारी गरेको देखिँदैन । स्थानीय तहका समस्या समाधानका लागि प्रदेश तथा स्थानीय सरकारले समन्वय गरेर काम गर्न सकेमा पनि पीडितले केही राहत पाउन सक्छन् । संघीय प्रणालीअन्तर्गत तीन तहका सरकार रहेकाले संघीय सरकारको मुख ताकेर मात्र प्रदेश तथा स्थानीय सरकार चुपचाप बस्न मिल्दैन । बाढीपछि समस्यामा रहेका जनताको पिरमर्का सुनी समयमै उनीहरूको उचित व्यवस्थापन गर्न जरूरी रहेको छ ।

*(मधेश दर्पण फिचर सेवा)*

# कार्ल मार्क्सको जिवनी

**मिलन आफन्त**

विश्व कम्युनिष्ट आन्दोलनका महान गुरु तथा बैज्ञानिक साम्यवादका संस्थापक कार्ल मार्क्सको जन्म ५ मे १८१८ को दिन ट्रिर शहरको एक वकिल परिवारमा भएको थियो । कार्ल मार्क्सका पिता हेनरिख मार्क्स फ्रान्सिली विचारकद्वारा प्रभावित व्यक्तित्व हुनुहुन्थ्यो । कार्ल मार्क्सको आमाको नाम हेनरि येट्र हो भने मार्क्सको जन्म हल्याण्डमा भएको हो ।

सन् १८३० देखि १८३५ सम्म मार्क्सले ट्रिर जिम्नेसियम (स्कुल) मा आफ्नो प्रारम्भिक अध्ययन पुरा गर्नु भयो । किशोर मार्क्सको बौद्धिक प्रतिभाको प्रष्फुटन त्यसबेला भयो जुन बेलामा उनले “पैसा छनौटबारे एक किशोरको बिचार” भन्ने निबन्ध लेख्नु भयो । उक्त निबन्ध प्रबोधन कालको प्रगतिशिल बिचारधाराद्वारा ओतप्रोत छ ।

अक्टोबर १८३५ मा मार्क्स बोन विश्वविद्यालयमा भर्ना हुनु भयो । उहाँले आफूले अध्ययन गर्ने विषय कानुन विभाग रोज्नु भयो । विश्वविद्यालयमा मार्क्स कानुनशास्त्रको साथै साहित्य, नविनतम कला इतिहासु, सौन्दर्यशास्त्रको पनि अध्ययन गर्न पछि पर्नु भएन । बर्लिन विश्वविद्यालयमा बैज्ञानिक अध्ययन र बौद्धिक विकासको लागि बढी सुविधा भएको हुनाले मार्क्स बोनमा एक वर्ष अध्ययन गर्नु भएपछि बर्लिन विश्वविद्यालयमा आफूलाई भर्ना गर्नुभयो ।

बर्लिनमा मार्क्स निकै परिश्रम गर्न पछि पर्नु भएन, जसको फलस्वरुप उहाँको बौद्धिक विकास पनि तिब्र गतिले हुन थाल्यो । बर्लिनमा मार्क्स कलेजको अध्ययनको अलावा स्वतन्त्र अध्ययनमा पनि ब्यस्त हुनुहुन्थ्यो जस अन्तर्गत उहाँले मुख्यतता दर्शनशास्त्र र इतिहासको अध्ययन गर्नुभयो । मार्क्सले साहित्य र कलाको पनि गहन अध्ययन गर्न थाल्नु भयो, अंग्रेजी र इटालीयन भाषा पनि सिक्न थाल्नु भयो । छोटै समयमा मार्क्स महान् बौद्धिक ब्यक्तिगत बन्न सफल हुनुभयो ।

बर्लिन जानुपुर्व मार्क्सले सन् १८३६ को गृष्म कालमा जेनी फोन बेष्टफालेनसँग विवाह बन्धनमा जोडिनु भयो । जेनी अभिजात वर्गकै युवति थिइन् तसर्थ पनि जेनीका बुबा आमाले यस विवाहलाई अस्विकार गर्न सक्ने सम्भावना देखिन्थ्यो । जेनी असाध्यै राम्री युवती थिइन् भने मार्क्स बौद्धिक प्रतिभा हुनुहुन्थ्यो । त्यसोत मार्क्स नत अभिजात वर्गमानै पर्नुहुन्थ्यो, नत एउटा विद्यार्थी ब्यक्ति मार्क्स त्यति धनि नै हुनुहुन्थ्यो । तथापी जेनीले मार्क्सलाई पुर्णरुपमा साथ दिनु भयो । जेनी वेस्टफालेन अत्यन्तै गुणी नारी हुनुहुन्थ्यो । जेनीको तिक्ष्ण बृद्धि सुशिलता र उत्कृष्ट आचरणले मार्क्सलाई खुसी तुल्याएकी थिइन् त्यहि गुणले उहाँले पनि मार्क्स जस्तो महान् व्यक्तित्वलाई जीवन साथीको रुपमा पाउनु भयो । कार्ल मार्क्स र जेनीको लामो बैबाहिक जीवन सफल हुनुमा जति मार्क्सको भुमिका छ त्यनि नै कर्म जेनीको पनि छ । मार्क्स र जेनी सफल विवाहित जोडी भनेर कहलीएका थिए ।

कार्ल मार्क्सले डाक्टरी थेसिस ‘डेमोक्रिटको प्रकृति दर्शन र एपिकुरको प्रकृति दर्शन बिचको भेद’ विषयमा तयार पार्नु भएको थियो । यो नै मार्क्सको पहिलो बैज्ञानिक कृति थियो । जुन आध्यात्मवादी चिन्तनले प्रभावित थियो । प्रोइसेन राजधानीमा रहेको विश्व विद्यालयमा आफ्नो थेसिसको वास्तविक मुल्याङ्कन हुन सक्दनै भन्ने कुरा मार्क्सले देखिसक्नु भएको थियो । तसर्थ उहाँले इयेना विश्व विद्यालयमा आफ्नो थेसिस पठाउनु भयो र अप्रिल १८४१ मा दर्शन शास्त्रको डाक्टरको उपाधि प्राप्त गर्नु भयो । त्यस पछि उहाँ अत्यन्तै प्रतिष्ठित दार्शनिक बन्न पुग्नु भयो ।

सबभन्दा प्रगतिशिल र सबभन्दा शोषित वर्गको हितार्थ आफ्नो जीवन अर्पण गर्ने अठोट गर्नु भएको मार्क्सले फेडस्खि एङ्गेल्सको रुपमा आफ्नै जस्तो विचारधारा भएको एक अति भरपर्दो सहयोगी र साथी भेट्टाउनु भयो । मार्क्सभन्दा दुई वर्ष कान्छा एगेल्सको जन्म राइन प्रान्तको बार्मेन शहरमा भएको थियो ।

‘राजनितिक अर्थशास्त्रको आलोचना बारे केहि खेसाहरु’ शिर्षक एगेल्सको कृतिसँग मार्क्सको परिचय पछि उहाँहरु बिच पत्रब्यबहार शुरु भयो । अगस्ट १८४४ मा बेलायतबाट जमर्नी फर्कदा एगेल्सले पेरिसमा मार्क्ससँग भेट गर्नुभयो । दश दिनको उहाँहरुको यस संसर्गमा पछि गएर एगेल्सले सम्झना गर्नु भएको थियो, “सबै सैद्धान्तिक क्षेत्रमा हाम्रो पूर्णरुपमा देखा पर्‍यो र त्यसै बेला देखि हाम्रो संयुक्त कार्य पनि शुरु भयो ।”

मार्क्स र एगेल्सको यस



ऐतिहासिक भेटले एक असाधारण मित्रता र दुई महान दिग्गजहरुको सहयोगको थालनी गर्‍यो । यस सहयोगले मजदुर वर्गलाई बैज्ञानिक क्रान्तिकारी सिद्धान्तद्वारा सुसज्जित पारेको थियो, सर्वहारा पार्टीको रणनिति तिर कार्य नितिको जग बसालेको थियो । मार्क्स र एगेल्स विश्व कम्युनिष्ट आन्दोलनका मार्ग दर्शक हुन । उनिहरुले देखाएको मार्गमा विश्वभरका कम्युनिष्टहरु हिडीरहेका छन् । विश्व कम्युनिष्ट आन्दोलनमा कार्ल मार्क्सको सर्वाधिक योगदान रहेको छ । उहाँले आफ्नो सहकर्मी एगेल्ससँग मिलेर विश्व कम्युनिष्ट आन्दोलनको घोषणा पत्र, पुँजी लगायत दजनौं ऐतिहासिक कृतिहरु तयार पार्नु भयो । जस्ले साम्यवादी आन्दोलनमा लागेका लागि सदासर्बदा मार्ग सर्दन गरीरहने छ । हाल मार्क्स हाम्रो सामु हुनुहुन्न तथापि उहाँको मार्गदर्शक सिद्धान्तले उहाँ विश्व भरीका कम्युनिष्टहरुको मुटुको धड्कन हुनुहुन्छ अमर महान व्यक्तित्व हुनुहुन्छ ..... ।

# एनआईसी एशिया बैंक लि.को कञ्चनपुरमा काउण्टर सञ्चालन

एन आई सी एशिया बैंकले शहरी तथा ग्रामीण जिल्लाहरुमा समेत आफ्नो सशक्त उपस्थिति जनाउँदै गाउँ-गाउँमा वित्तीय पहुँच तथा वित्तीय सबलीकरणको लागि विस्तारित काउण्टरमार्फत् बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ । सोही क्रममा कञ्चनपुर जिल्लाको भिमदत्त नगरपालिका वडा नं. ११ गड्डाचौकि स्थित कञ्चनपुर भन्सार कार्यालयको विस्तारित काउण्टर यही भाद्र १ गतेबाट सञ्चालनमा ल्याइएको छ । बैंकले सञ्चालनमा ल्याएको यस विस्तारित काउण्टरको समुद्घाटन कञ्चनपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी सुशिल वैद्यज्यूले गर्नुभयो । उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुधिर नाथ पाण्डेज्यू, नेपाल सरकार भन्सार विभागका निर्देशक शिशिर घिमिरेज्यू, कञ्चनपुर भन्सार कार्यालयका प्रमुख भिमप्रसाद अधिकारी, कैलाली भन्सार कार्यालय प्रमुख श्री ईश्वरी अर्याल र कञ्चनपुर उद्योग वाणिज्य संघका अध्यक्ष जंगबहादुर मल्ललगायत महानुभावहरुको उपस्थिती रहेको थियो ।

नेपाल सरकारको भन्सार तथा राजस्व कार्यालयहरुमा नगदरहित कारोबारको सुनिश्चितता गर्ने उद्देश्यमा सहकार्य गर्दै बैंकले भन्सार कार्यालय, आन्तरिक राजश्व कार्यालय लगायत राजश्व संकलन हुने अन्य कार्यालयहरुमा विस्तारित काउन्टर खोली आफ्नो सेवा प्रदान गर्दै आइरहेको र भविष्यमा यस्ता सुविधाहरु अझै थप गर्दै लैजाने विश्वास बैंकले लिएको छ ।

उक्त समुद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै कञ्चनपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी सुशिल वैद्यले उक्त विस्तारित काउण्टर सञ्चालनले नेपाल भारत सीमामा रहेको कञ्चनपुर भन्सार कार्यालयबाट दैनिक रुपमा हुने आयात निर्यातसँग सम्बन्धित कारोबारका लागि बैंकबाट छिटो छरितो तथा पारदर्शी रुपमा सेवा प्राप्त गर्न सक्ने विश्वास लिएको जानकारी गराउनुभयो ।

बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर २९५ शाखा कार्यालयहरु, ३३८ एटिएम, ५८ वटा एक्स्टेन्सन काउण्टर एवं ४१ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ । १७ लाखभन्दा बढी ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन् । साथै संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको उत्कृष्ट अभ्यासलाई यस बैंकले पालना गर्दै आएको छ । बैंकले हरेक सम्भावित बजार क्षेत्रमा आफ्ना ग्राहकलाई सेवा उपलब्ध गराउने अभिप्रायले अन्य विभिन्न स्थानहरुमा चाँडै नै थप एक्सटेन्सन काउण्टर सञ्चालन गर्ने योजना अगाडि सारेको छ ।

# जनआकाश साप्ताहिकको १२औं बार्षिक उत्सवका केही झलकहरु

























# मुक्तिनाथ रेमिटको '७६ साल ७६ उपहार'

काठमाडौं । मुक्तिनाथ विकास बैंकअन्तर्गत रहेको आफ्नै रेमिट, मुक्तिनाथ रेमिटले चाडपर्वलाई लक्षित गरी भाद्र ०१, २०७६ देखि कार्तिक ३० गतेसम्म लागु हुने गरी रेमिट्यान्स (विप्रेशण) केन्द्रित **'७६ साल ७६ उपहार, चाडपर्वसंग खुसीको वहार'** अभियान सञ्चालन गरेको छ । यस अभियानअन्तर्गत तोकिएको अवधिभित्र मुक्तिनाथ रेमिटबाट पैसा पठाउनु हुने वाकुनै पनि रेमिट्यान्स मार्फत पठाएको रकम मुक्तिनाथ विकास बैंकबाट लिनुहुने सम्पुर्ण ग्राहकवर्गहरु मध्यबाट भाग्यशाली विजेताहरुलाई विभिन्न ७६ पुरस्कारहरु वितरण गरिनेछ । ७६ पुरस्कारहरुमध्ये २५ जनालाई Bluetooth Speaker, २० जनालाई Pressure Cooker, १५ जनालाई Smart Mobile Set, ७ जनालाई TV 32" Smart HD, ५ जनालाई Fridge 200 ltr, ३जनालाई Laptop, १जनालाई Scooty वितरण गरिनेछ । भाग्यशाली विजेताहरुको घोषणा यस बैंकका ब्राण्ड एम्बेस्डर सीताराम कट्टेल (धुर्मुस) र कुञ्जना घिमिरे (सुन्तली) बाट २०७६ मंसीर १५ गते आईतबार ३ बजे यस विकास बैंकको Facebook Page मार्फत Live गरिनेछ । बैंकले यस अभियानबाट अत्याधिक विप्रेशण कारोबार गर्ने लक्ष्य राखेको छ ।

मुक्तिनाथ विकास बैंक लि.ले देशैभरी ११८ वटा शाखा, २२ वटा ए.टि.एम. र करिब सातलाख ग्राहकहरुलाई विभिन्न किसिमका निक्षेप तथाकर्जा सुविधाहरु, रेमिट्यान्स सेवा, बैंकास्योरेन्स, आस्वा, मोबाइल बैंकिंङ्ग सुविधाका साथै देशैभरी भिषा नेटवर्क अन्तर्गत रहेका ATM बाट नि:शुल्क रकम झिक्न मिल्ने सेवाहरु उपलब्ध गराएको छ । हालै मात्र बैंकले क्यान्सर उपचार र दुर्घटना मृत्यु बीमामा आवद्ध गरी जीवन वरदान बचत खाता तथा, आकर्षक सुविधा र व्याजदरमा आवास तथा सेयर कर्जा सञ्चालनमा ल्याएको बैंकका प्रमुख सुचना अधिकारी तिलबहादुर गुरुङ्गले जानकारी दिनुभयो ।






# एनआईसी एशिया बैंक लिमिटेडको चौथो त्रैमासिक वित्तीय विवरणका अधिकांश परिसूचकहरु उत्साहजनक

काठमाडौं । एन आई सी एशिया बैंक लिमिटेडले चालु आ.व. २०७५/७६ को चौथो त्रैमासको अपरिस्कृत वित्तीय विवरण मिति २०७६ श्रावन ३१ गते सार्वजनिक गरेको छ । उक्त वित्तीय विवरणका परिसूचकहरु अत्यन्त उत्साहजनक रहेका छन् । बैंकले चालु आर्थिक वर्षको चौथो त्रैमाससम्म कुल आम्दानी वार्षिक विन्दुगत आधारमा ७७ प्रतिशत अर्थात् रु ४ अर्ब १५ करोडले वृद्धि गरी रु ९ अर्ब ५१ करोड आर्जन गर्न सफल भएको छ । सोही अवधिमा बैंकले खुद ब्याज आय ६५ प्रतिशत अर्थात् रु.२ अर्ब ७५ करोडले वृद्धि भई रु.६ अर्ब ६९ करोड आर्जन गर्न सफल भएको छ । बैंकले चालु आर्थिक वर्षको चौथो त्रैमाससम्म सञ्चालन मुनाफामा वार्षिक विन्दुगत आधारमा १३९ प्रतिशत अर्थात् रु.२ अर्ब ६६ करोडले वृद्धि गरी रु.४ अर्ब ५८ करोड आर्जन गर्न सफल भएको छ । यसैगरी खुद मुनाफातर्फ वार्षिक विन्दुगत आधारमा १२९ प्रतिशत अर्थात् रु. १ अर्ब ७२ करोडको वृद्धि सहित रु. ३ अर्ब ५ करोड आर्जन गर्न सफल भएको छ । गत वर्षको सोही अवधिको खुद मुनाफा रु. १ अर्ब ३३ करोड रहेको थियो ।

बैंकले यस आर्थिक वर्षमा वार्षिक विन्दुगत आधारमा २७ प्रतिशत अर्थात् रु. ४६ अर्ब ७६ करोडको वृद्धिसहित वासलातको आकार रु. २१७ अर्ब ७० करोड पुऱ्याउन सफल भएको छ । जस अन्तर्गत कुल कर्जातर्फ यस आर्थिक वर्षमा वार्षिक विन्दुगत आधारमा २५ प्रतिशत अर्थात् रु. २९ अर्ब ५४ करोडको वृद्धिसहित रु. १५० अर्ब तथा निक्षेप संकलनतर्फ यस आर्थिक वर्षमा वार्षिक विन्दुगत आधारमा १९ प्रतिशत अर्थात् रु. २९ अर्ब ३६ करोडको वृद्धिसहित रु.१८० अर्ब ५८ करोड पुऱ्याउन सफल भएको छ ।

यसरी कर्जा प्रवाहमा यस बैंक अन्य सम्पूर्ण वाणिज्य बैंकहरु भन्दा शीर्ष स्थानमा रहन सफल भएको छ भने निक्षेप संकलनतर्फ सम्पूर्ण नीजि स्तरका वाणिज्य बैंकहरुमध्ये शीर्ष स्थानमा रहन सफल भएको छ । बैंकको वार्षिक विन्दुगत आधारमा प्रतिशेयर आय १०८ प्रतिशतले वृद्धि भई रु. ३४.५६ तथा स्वपूँजीमा प्रतिफल १०८ प्रतिशतले वृद्धि गरी २५.१६ प्रतिशत कायम भएको छ ।

एन आई सी एशिया बैंकले ग्राहक महानुभावहरुको उल्लासमय सहभागिता र सुझावलाई मध्यनजर गर्दै एन आई सी एशिया रेमिटको चाडपर्व योजना संचालनमा ल्याएको छ । यस योजनाअन्तर्गत अब एन आई सी एशिया रेमिटबाट नेपालभित्र एक पटक रकम पठाउँदा अर्को पटक सित्तैमा पठाउन पाउने व्यवस्था बैंकले गरेको छ । बैंकले आगामी चाडपर्वको अवसरलाई ध्यानमा राख्दै समस्त ग्राहक महानुभावहरुलाई एक ठाउँबाट अर्को ठाउँमा रकम पठाउँदा हरेक दोस्रो कारोबार सित्तैमा गर्न पाउने सुविधा प्रदान गरेको छ । उक्त विप्रेषण रकम यस बैंकका देशभर फैलिएको २९५ शाखा कार्यालयहरु, ५७ वटा एक्सटेन्सन काउण्टर, ४१ वटा शाखारहित बैंकिङ्ग इकाई एवं ९,००० भन्दा बढी सहायक प्रतिनिधिहरुमार्फत् सरल र सुलभ रुपमा भुक्तानी पाउन सकिने छ । यो सुविधाबाट चाडपर्वको समयमा ग्राहक महानुभावहरुले रकम पठाउँदा उच्चतम् लाभ हुने र झन्झटरहित तरिकाबाट धेरै शाखा सञ्जाल भएको यस बैंकमार्फत् सजिलै रकम पठाउन र निकाल्न सकिने विश्वास बैंकले लिएको छ । यो योजना २०७६ साल भाद्र १ देखि आश्विन ३० गतेसम्म लागू हुनेछ । बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा बैंकको मुलुकभर २९५ शाखा कार्यालयहरु, ३३५ एटिएम, ५७ वटा एक्स्टेन्सन काउण्टर एवं ४१ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ । साथै संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको उत्कृष्ट अभ्यासलाई यस बैंकले पालना गर्दै आएको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

# नेपाल इन्फ्रास्ट्रक्चर बैंकको लगानी शुरुवात

काठमाडौं । नेपालकै पहिलो पूर्वाधार विकास बैंकको रुपमा स्थापना भई हालै औपचारिक कारोबार प्रारम्भ गरेको नेपाल इन्फ्रास्ट्रक्चर बैंकले आफ्नो लगानीको शुरुवात कास्की जिल्लाको माछापुच्छ्रे र सर्दीखोला गाउँपालीकामा अवस्थित ३२ मेगावाट उत्पादन क्षमता भएको करुवा सेती हाइड्रोपावर परियोजनाबाट शुरु गरेकोछ ।



बैंकले शुरुवाती रुपमा आफ्नो अगुवाई तथा हिमालयन बैंक लिमिटेडको सह अगुवाई र सानीमा बैंक लिमिटेडको सदस्यता रहेको सहवित्तीयकरण सम्झौता गरी उक्त परियोजनाबाट लगानीको शुरुवात गरेको हो । कुल परियोजनालागत रु. ५ अर्ब ८० करोड रुपैंया रहेको उक्त परियोजनामा यस नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको अगुवाईमा स हवित्तीयकरण समेत गरी रु. ४ अर्ब ६ करोड रुपैंया कर्जा प्रवाह हुनेछ ।

देशको पूर्वाधार विकासका परियोजनाहरुमा मात्र लगानी गर्ने उद्धेश्य लिई स्थापना भएको यस बैंकले जलविद्युत्, सौर्य उर्जा, होटल, रिसोर्ट, फनपार्क, केवलकार, शिक्षा, स्वास्थ्यलगायतकाअन्यविभिन्नपूर्वाधार परियोजनाहरुको पहिचानएवं आवश्यक अध्ययन सम्पन्न गरिसकेको र उक्त परियोजनाहरुमा निकट भविष्यमै लगानी विस्तार गर्ने यस बैंकको योजना रहेको छ ।

# प्रुडेन्सियल इन्स्योरेन्सको सत्रौंवार्षिक साधारणसभा सम्पन्न

**पर्सा ।** निर्जीवनबीमाको कारोबार गर्दै आएको प्रुडेन्सियलइन्स्योरेन्स कम्पनी लिमिटेडको सत्रौं वार्षिक साधारण सभा २०७६ सालभाद्र १गते विरगञ्ज, पर्सामा सम्पन्न भएको छ ।

सो साधारण सभाले सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्रवणकुमार अग्रवालद्धारा प्रस्तुत आर्थिक वर्ष २०७४/७५को वार्षिक प्रतिवेदन सर्वसम्मतपारित गरेको छ ।

कम्पनीले आर्थिक वर्ष २०७४/७५मा१ अर्ब३७ करोड१६लाख ९४ हजार ७सय ४० रुपैयाँ प्रिमियम संकलन गर्न सफल भएको व्यहोरा अध्यक्ष अग्रवालले साधारण सभामा जानकारी गराउनुभयो ।

आ.व. २०७४/७५माकम्पनीले रु. १६ करोड २२ लाख १५हजार ७ सय ३४ रुपैयाँखुदमुनाफाहासिलगर्न सफलभएको छ ।

यस भन्दा अघि कम्पनीको विशेष साधारण सभाले ६० प्रतिशतहकप्रद शेयर जारी गर्ने निर्णय पारित गरिसकेको छ । सो हकप्रद शेयर जारी पश्चातकम्पनीको चुक्तापूँजी १ अर्ब २ करोड ६४ लाख ३२हजार पुग्ने कम्पनीले विज्ञप्ती मार्फत जानकारी गराएको छ ।

# बैकिङ्ग संसार

## इमाडोलमा प्राइम कमर्सियल बैंकको शाखा

ललितपुर- आफ्नो शाखा संजाल बिस्तारको क्रममा आज प्राइम कमर्सियल बैंक लिमिटेडले ललितपुरको महालक्ष्मी नगरपालिकामा शाखाको शुभारम्भ



गरेको छ । यस शाखाको संचालन पछि बैंकको शाखा कार्यालय संख्या ७४ पुगेको छ । स्थानीय उद्योगी, व्यवशायी, शिक्षक, समाजसेवी तथा विभिन्न पेशाकर्मीहरुको उपस्थितिमा एक समारोहका विच बैंकका संचालक प्रा.डा.मंगला श्रेष्ठले शाखा कार्यालय इमाडोलको उद्घाटन गरे । यसै क्रमलाई निरन्तरता दिंदै बैंकले आगामी दिनहरुमा पनि शाखाको संजाल बिस्तार गर्दै आफ्नो सेवा दिन अग्रसर रहेको प्रतिवद्धता जनाएको छ ।

## एकपछि अर्को गर्दै कामना सेवा विकास बैंकको छलाङ

काठमाडौं । कामना सेवा विकास बैंकले समीक्षा अवधिमा व्यवसायमा उल्लेख्य वृद्धि हासिल गर्न सफल भएको छ । गत आ.व. २०७४र०७५ मा

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

निक्षेप १५.७५ अर्ब रहेकोमा ४५.८७ प्रतिशतले वृद्धि भई २२.९७ अर्ब रुपैयाँ निक्षेप संकलन गर्न बैंक सफल भएको छ । साथै कर्जा तर्फ सोही अवधिमा १३.२० अर्ब रहेकोमा ५२.८६ प्रतिशतले वृद्धि गरी २०.१८ अर्ब रुपैयाँ लगानी गरेको छ । २.५४ अर्ब रुपैयाँ चुक्तापूँजी भएको बैंकको जगेडा कोषमा ५०.३८ करोड रुपैंयाँ रहेको छ ।

बैंकको खुद ब्याज आम्दानी १७.६९ प्रतिशतले वृद्धि भई ८८.७७ करोड रुपैयाँ पुगेको छ भने गत आ.व. मा बैंकको निष्कृय कर्जा १.१३ प्रतिशत रहेकोमा हाल ०.९० प्रतिशत कायम गर्न सफल भएको छ । आ.व. २०७५र०७६ को असार मसान्तमा बैंकको पूँजीकोष अनुपात १७.०३ प्रतिशत रहेको छ । त्यस्तै प्रति शेयर आम्दानी १३.७० रुपैयाँ, मूल्य आम्दानी अनुपात ११.६८ गुणा, प्रति शेयर नेटवर्थ १३१.०९ रुपैयाँ र तरलता अनुपात २२.७४ प्रतिशत रहेको छ । बैंकले समीक्षा अवधिमा आधार दरलाई ११.५९ प्रतिशतमा सीमित गर्न सफल भएको छ ।

बैंकले आ.व. २०७५र०७६ मा सेवा विस्तारका क्रममा थप ३६ वटा नयाँ शाखा सञ्चालनमा ल्याउन सफल भएको छ । सेवा विस्तारकै क्रममा बैंकले थप २८ वटा ए.टी.एम सञ्चालनमा ल्याउनुकासाथै स्मार्ट टेलर, मोबाईल बैकिङ्ग, कामना सेवा रेमिट, भिजा कार्डजस्ता नविनतम् प्रडक्टहरु ग्राहकसामु प्रस्तुत गरेको छ । शाखा विस्तारसँगै बैंकको सञ्चालन खर्च तथा कर्मचारी खर्चमा वृद्धिका बावजुद बैंकले आर्थिक वर्ष २०७५र०७६ मा खुद मुनाफा ३२.५४ करोड रुपैयाँ आर्जन गरेको छ ।

## राष्ट्रिय वाणिज्य बैंक र नेशनल बैंकिङ्ग इन्स्टिच्युटबीच सम्झौता

काठमाडौं- राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेशनल बैंकिङ्ग इन्स्टिच्युट लिमिटेड बीच बैंकिङ्ग तालिम संचालन गर्ने सम्बन्धि सम्झौता भएको छ ।



सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेशनल बैंकिङ्ग इन्ष्टिच्युटका प्रमुख कार्यकारी अधिकृत संजीब सुब्बाले हस्ताक्षर गरे ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले कर्मचारीहरुको दक्षता अभिबृद्धिबाट नै बैंकले दिगो प्रगति हासिल गर्न सक्ने बताए । इन्ष्टिच्युटका प्रमुख कार्यकारी अधिकृत संजीब सुब्बाले बैंकिङ्ग क्षेत्रमा राष्ट्रिय वाणिज्य बैंक मार्गदर्शनको रुपमा रहेकोले बजारले रा.वा.बैंकलाई नियालिरहेको बताए । उक्त सम्झौता भएपश्चात आ.ब. २०७६/०७७ मा राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीहरुको कार्यदक्षता अभिबृद्धिको लागि नेशनल बैंकिङ्ग इन्स्टिच्युटले विभिन्न विषयमा नियमित रुपमा बैंकिङ्ग तालिम प्रदान गर्ने छ ।

# पुडासैनी मृत्यु प्रकरणः 'निष्पक्ष छानबिन गर्न दिनुपर्छ'

**– नारायण ढुङ्गाना**

चितवन । नुवाकोटका पत्रकार शालिकराम पुडासैनीको मृत्यु प्रकरणमा निष्पक्ष छानबिन हुनुपर्ने र अनुसन्धानमा कुनै अवरोध सिर्जना गर्न नहुनेमा कानून व्यवसायी, पत्रकार, नागरिक समाजको एकमत छ ।

सम्बद्ध विभिन्न सङ्घसंस्थाले विज्ञप्ति जारी गरेरै घटनाको निष्पक्ष छानबिन गरी दोषीउपर कारवाही गर्न सरकारसँग माग गरेका छन् । घटनाको अनुसन्धान प्रभावित हुने काम कसैले गर्न नहुनेमा जोड दिइएको छ ।

पोलिएका व्यक्तिलाई यसअघि पटक-पटक अनुसन्धानको दायरामा ल्याइएको र मुद्दा चलाइएका घटना रहेकाले अनुसन्धानलाई नै प्रभावित पार्ने मनसायले कुनै पनि पक्षबाट प्रदर्शन गर्न नहुने कानून व्यवसायी बताउँछन् । अनुसन्धानका लागि नियन्त्रणमा लिइएका व्यक्ति दोषी हो या निर्दोष हो भन्ने कुरा अदालतले निर्णय गर्ने भएकाले पक्ष वा विपक्षमा प्रदर्शन गर्नुको अर्थ नहुने उनीहरुको भनाइ छ ।

घटनाको अनुसन्धानका लागि टेलिभिजन कार्यक्रम प्रस्तोता रवि लामिछानेसहित तीन जना समातिएपछि भइरहेका गतिविधिबारे नेपाल बार एशोसिएसन चितवनका पूर्वअध्यक्ष गोपीलाल देवकोटाले कानूनमा आधिकारिक निकायलाई कुनै पनि घटनामा संलग्न रहेको आशङ्का गरिएका व्यक्तिलाई पक्राउ गरी अनुसन्धान गर्ने अधिकार रहेको बताउनुभयो ।

देवकोटाले भन्नुभयो, पत्रकार पुडासैनीको आत्महत्याको ढङ्गबाट मृत्यु भएको देखिन्छ, मृत्युकालीन घोषणामा केही व्यक्तिको नाम पोलेको छ, यसलाई अदालतले निर्क्योल गर्ने कुरा हो, अनुसन्धानलाई दबाब दिनु हुँदैन र प्रदर्शन जरुरी पनि छैन, राज्यले पनि उनीहरुमाथि दबाब सिर्जना गर्नु हुँदैन ।

प्रहरीले उक्त घटनामा पत्रकार पुडासैनीले मर्नुअघि मोबाइलमा श्रव्यदृश्य रेकर्ड गरेको भिडियोमा नाम किटान भएअनुसार पक्राउ गरी अनुसन्धान थालेको जनाएको छ । नेपाल पत्रकार महासङ्घ चितवनका अध्यक्ष राधेश्याम खतिवडाले न्यायिक चरणमा पुगिसकेकाले उक्त घटनामा न्यायालयको फैसला पर्खनुको विकल्प नरहेको प्रतिक्रिया दिनुभयो । संयम भएर फैसला कुर्नुभन्दा अरु केही देखिँदैन्, खतिवडाले भन्नुभयो । लामिछानेको समर्थनमा सत्यतथ्य छानबिनको माग गर्दै प्रदर्शन भइरहेको र अर्कोतर्फ पुडासैनीले न्याय पाउनुपर्छ भन्दै ऱ्याली निकाल्ने काम भएको उहाँले जानकारी दिनुभयो ।

चितवनका प्रहरी उपरीक्षक दानबहादुर मल्लले चितवनमा भइरहेको उच्छृङ्खल गतिविधिको सूक्ष्म निगरानी भइरहेको र धैर्यका साथ संयम भएर प्रहरीले काम गरिरहेको बताउनुभयो । अस्पतालजस्तो संवेदनशील क्षेत्रलाई आड बनाएर प्रहरीमाथि नै आक्रमणको दुष्प्रयास भएको छ, प्रहरीले भीड नियन्त्रण गर्न खोज्दा अस्पतालमा लुक्ने अनि फेरि गैरकानूनी गतिविधिमा उत्रने काम शनिवार भयो, तैपनि प्रहरी संयम भएर सुरक्षामा खटिएको छ, मल्लले भन्नुभयो ।

शनिबार मोबाइल गस्तीमा रहेको प्रहरीको गाडीलाई आक्रमण प्रयास भएपछि प्रहरीले केही सेल अश्रुग्यास र लाठी चार्ज गरेर भीड तितरबितर पारेको थियो ।

उक्त घटनाको विषयमा नेपाल पत्रकार महासङ्घले केही दिनअघि विज्ञप्ति जारी गरी सत्यतथ्य छानबिन गर्न आग्रह गरेको छ । महासङ्घले सञ्चारगृहमा गएर गरिएको सञ्चारकर्मीको गिरफ्तारीको पनि विरोध गरेको छ । नागरिक समाज चितवनले पनि शनिवार विज्ञप्ति जारी गरी जाहेरीउपर अनुसन्धानको सिलसिलामा मानिस पक्राउ गर्नु स्वाभाविक भएको उल्लेख गर्दै उक्त घटनाको निष्पक्षरूपमा छानबिन र अनुसन्धान गर्न माग गरेको सचिव गोपीलाल देवकोटाले बताउनुभयो । विज्ञप्तिमा छानबिनको विषयमा कुनै पनि किसिमको दबाव सिर्जना नगर्न र निष्पक्ष छानबिनका लागि सहयोग गर्न नागरिक समुदायसँग आग्रह गरिएको उहाँले जानकारी दिनुभयो ।

बिहीबार सार्वजनिक भएको पुडासैनीले मर्नुअघि मोवाइलमा रेकर्ड गरेएको भिडियोका आधारमा प्रहरीले अनुसन्धानका लागि न्यूज २४ टेलिभिजनको 'सिधा कुरा जनतासँग' कार्यक्रमका सञ्चालन रवि लामिछाने, सोही कार्यक्रममा कार्यरत युवराज कँडेल र ओखलढुङ्गाकी रुकु भन्ने अस्मिता कार्कीलाई काठमाडौँबाट पक्राउ गरी चितवन लगेको थियो । उनीहरुलाई प्रहरीले शुक्रबार चितवन जिल्ला अदालतमा पेश गरेकामा अदालतले अनुसन्धानका लागि पाँच दिनको म्याद दिएको छ ।


उक्त भिडियोको प्रहरीले डिजिटल परीक्षणसमेत गरिसकेको छ । परीक्षणमा रेकर्ड गरिएको भिडियो उनकै रहेको पुष्टि भएको प्रहरीले जनाएको छ । मुलुकी अपराध संहिता, २०७४ को ज्यानसम्बन्धी कसुरअन्तर्गत दफा १८५ मा कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन । यस्तो कसुर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र रु ५० हजारसम्म जरिवाना हुने उल्लेख छ ।

शनिबारको प्रदर्शनमा उच्छृङ्खलता प्रदर्शन गरी प्रहरीमाथि ढुङ्गा हानेको आरोपमा प्रहरीले पाँच जनालाई पक्राउ गरी अनुसन्धान थालेको चितवनका प्रहरी नायब उपरीक्षक एकनारायण कोइरालाले जानकारी दिनुभयो । उनीहरुलाई कानूनअनुसार कारवाही हुने बताउँदै कोइरालाले भन्नुभयो, प्रदर्शन एउटा पाटो, अनुसन्धान अर्को पाटो हो, यसले अनुसन्धानलाई केही फरक पर्दैन ।

यसअघि शुक्रबार पनि चितवनमा प्रदर्शन भएको थियो । माउन्टेन टेलिभिजनका पत्रकार पुडासैनी यही साउन २० गते चितवनको नारायणगढस्थित होटल कङ्गारुको कोठाभित्र झुण्डिएको अवस्थामा मृत भेटिएका थिए । घटना हुनुअघि उनले पक्राउ परेका तीन जनाको नाम लिएर आफूलाई यो अवस्थामा पुऱ्याउन बाध्य बनाएको भन्दै रेकर्ड गरिएको भिडियो फेला परेको थियो ।

# अब्बल बन्दै सामुदायिक विद्यालय

दमक । कमल गाउँपालिका-६ का सन्देश तिम्सिनाले कक्षा ५ सम्म बोर्डिङ स्कुल पढे। त्यसपछि भने उनी वडा नं. ५ मा रहेको मंगलमय माविमा भर्ना भए। बोर्डिङ स्कुलमा समेत प्रथम हुँदै पास भएका छोरालाई मंगलयमयमा पनि बोर्डिङ सरहकै पढाई हुने थाहापाएर भर्ना गरिदिएको आमा शोभा तिम्सिनाले बताइन् । सन्देश मात्रै होइन। कमल-६ कै देवीप्रसाद गौतमले पनि छोरा राजिवलाई विद्यालयमा भर्ना गराई दिए । कक्षा-६ सम्म बोर्डिङ पढेका राजिव अहिले यसै विद्यालयमा पढ्दैछन् ।




त्यस्तै, विर्तामोड ५ को देवी माविका प्रज्वल संग्रौला पनि कक्षा ६ सम्म बोर्डिङ पढेर यहाँ आएका हुन्। बोर्डिङको जस्तै पढाई सामुदायिक स्कुलमै हुने सुनेपछि यहाँ भर्ना भएको उनी सुनाउँछन्। यस्तै, ८ कक्षासम्म बोर्डिङ पढेर ईलाम गोदककी आयुसा मगर पनि झापा आएपछि देवी माविमै भर्ना भइन्। बोर्डिङ पढ्दा किताबमा बढी केन्द्रित हुनु परेको र यहाँ अरू गतिविधिमा पनि सहभागी हुन पाएको उनको अनुभव छ।

यस्तै, ८ कक्षासम्म बोर्डिङ नै पढेर यहाँ भर्ना भएकी नेहा सुन्दाश पनि यस विद्यालयमा आएपछि दंग छिन्। केही वर्ष अघिसम्म सामुदायिक विद्यालयप्रति विद्यार्थी तथा अभिभावकको नकारात्मक दृष्टिकोण थियो। निजी विद्यालयले शिक्षामा आकर्षण दिँदा सामुदायिक विद्यालयले प्रतिस्पर्धा गर्न सकेका थिएनन्। तर, पछिल्ला वर्षहरूमा भने सामुदायिक विद्यालयको अवस्था पनि सुध्रिँदै आएपछि निजी विद्यालयप्रतिको एकहोरो मोह भंग हुँदै गएको पाइएको छ। भौतिक पूर्वाधार थपिएका छन्। विद्यार्थी संख्या पनि बढिरहेको छ। मूलतः अभिभावकमा सामुयिक विद्यालयलाई हेर्ने दृष्टिमा लोभलाग्दो परिवर्तन देखिएको छ। विर्तामोडको देवी माविकी प्रधानाध्यापक अम्बिका श्रेष्ठ विद्यार्थीको चाप बढेकै कारण विद्यालयले थेग्ने गाह्रो भइसकेको बताउँछिन्।

यस विद्यालयमा झण्डै चार हजार विद्यार्थी पढिरहेका छन्। अंग्रेजी र प्राथमिकताले तान्यो सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण थपिनुका मुख्य दुई कारण अंग्रेजी माध्यमको पठन पाठन र सामुदायिकबाट एसइई पासलाई उच्च शिक्षामा दिइने प्राथमिकता हो। पछिल्लो समय बोर्डिङ झैँ अंग्रेजी माध्यम अपनाएसँगै सामुदायिक विद्यालयले गुणस्तरमा सुधार ल्याएका छन्। यससँगै झापाका निजी विद्यालयबाट विद्यार्थी झिकेर कतिपय सामुदायिक विद्यालयहरूमा भर्ना गर्ने क्रम बढेको छ। सबैभन्दा बढी कक्षा ९ देखि निजी विद्यालयका विद्यार्थी सामुदायिक विद्यालयमा आउने गरेका छन्। अध्ययन, रोजगारी, सरकारी जागिरलगायतमा सामुदायिक विद्यालयबाट एसइई उत्तीर्णलाई आरक्षण दिन थालेपछि कक्षा ९ मा सामुदायिक विद्यालय भर्ना हुने क्रम बढी देखिएको हो। स्थानीय सरकार कार्यान्वयनमा आएसँगै उनीहरूले सामुदायिक विद्यालयको गुणस्तर सुधारलाई प्राथमिकतामा पनि राखेका छन्। कमल ५ को मंगलमय माविका प्रधानाध्यापक मोहनप्रसाद बगाले अंग्रेजी भाषाप्रतिको मोह बढ्दै गएका बेला धेरै सामुदायिक विद्यालयले पनि अंग्रेजी माध्यममानै पठनपाठन थालेका कारण पनि विद्यार्थीको चाप बढेको बताउँछन्।

तर नेपाली माध्यम पूर्ण रुपमा विस्थापित गरि अंग्रेजी माध्यममा मात्र पढाउँदा जग नबसेका विद्यार्थी माथि अन्याय हुने उनको ठम्याई छ। कक्षा-६ देखि अन्य सामुदायिक विद्यालयका विद्यार्थी पनि यस विद्यालयमा पढ्ने आउने गरेका छन्। तर, ती सबै विद्यालयमा अंग्रजी माध्यम छैन। प्रधानाध्यापक बगाका अनुसार ५ सम्म नेपाली माध्यमबाट पढेका विद्यार्थीलाई ६ देखि अंग्रेजी माध्यममा मात्र पढाइयो भने भार बढी पर्ने र नतिजा पनि राम्रो नहुने भएकाले उनीहरूका लागि नेपाली माध्यमबाट नै पठनपाठन गराइने व्यवस्था मिलाइएको छ। नमूनामा बनाउने प्रयास संघीय सरकारले पनि पर्याप्त जमिन सहितको पूर्वाधार भएको सामुदायिक विद्यालय छनोट गरी नमुना बनाउने कार्यक्रम अघि सारेको छ। केही विद्यालयलाई नमूनाको रूपमा स्थापित गरी सोही 'मोडल' अन्यत्र पनि विस्तार गर्ने लक्ष्यसहित शुरु भएको नमूना विद्यालय कार्यक्रममा झापाका १० विद्यालय परेका छन्। पहिलो चरणमा झापामा ८ ओटा सामुदायिक विद्यालयलाई नमूनाका लागि छनोट गरिएको थियो भने हालै सरकारले थप दुई विद्यालयलाई नमुना छनोट गरेको छ। शिक्षा विकास तथा समन्वय एकाइ झापाका अनुसार पहिलो चरणमा कनकाई मावि सुरुङ्गा, हिमालय मावि दमक, प्रगति मावि गौरादह, लक्ष्मीप्रसाद देवकोटा मावि कचनकवल, डिल्लीराज मावि टाघनडुब्बा, धुलाबारी मावि मेचीनगर, महेन्द्ररत्न मावि बिर्तामोड र हल्दीबारी मावि हल्दीबारी नमुना विकासका लागि छनोट भएका थिए। छनोटमा परेका सबै विद्यालयलाई १ करोड ५० लाख रुपैयाँ पहिलो चरणमा आ-आफ्ना गाउँपालिका तथा नगरपालिकामार्फत प्राप्त भएको थियो। पछिल्लो निर्णयबाट बुद्ध आदर्श मावि बुधबारे र हिमाली मावि भद्रपुर छनोट भएका हुन्। विस २०७३ सालबाट सुरु भएको विद्यालय क्षेत्र विकास योजनाको अवधि २०७९र०८० सालसम्म मुलुकभर एक हजार नमुना विद्यालय विकास गर्ने कार्यक्रम छ।

जसअन्तर्गत आर्थिक वर्ष २०७५र०७६ मा ८४ विद्यालयलाई छनोट गरिएको हो। हालसम्म मुलुकभर अघिल्लो निर्णयबाट २ सय २२ र हाल ८४ गरी ३ सय ६ विद्यालय नमुना विकासका लागि छनोट भएका छन्। नमूनाको नमूना अभ्यास नमूना विद्यालयअन्तर्गत छनोट भएको हिमालय माविले पहिलो वर्षमा डेढ करोड रुपैयाँ बराबरको पूर्वाधार निर्माण गरेको छ। विद्यालयका प्रधानाध्यापक ओमप्रसाद आचार्यका अनुसार नमूना विद्यालय अन्तर्गत प्राप्त डेढ करोड रुपैयाँको लागतमा पूर्वाधार निर्माणका कार्य गरिएका छन्। नमूना विद्यालयको गुरुयोजनामा समावेश योजनाअनुसार प्राप्त बजेटबाट अढाई तलाको भवन थप गरिएको र अर्को भवनमा समेत एक तला थप गरिएको उनले जनाए। यस्तै अभिभावक प्रतीक्षालयको पनि निर्माण गरेको छ। नमूना विद्यालयको गुरुयोजनामा प्रयोगशाला, पूर्वाधार विकास, गुणस्तर सुधार लगायतका योजना समावेश रहेका उनले जनाए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका वडा नं. २ का वडाअध्यक्ष प्रजापति सापकोटाले सङ्घीय सरकारको नमुना विद्यालयको सूचीमा परेको विद्यालयलाई वडा तथा नगरले पनि प्राथमिकता दिएको बताए।

उनका अनुसार गत आर्थिक वर्षमा वडा कार्यालयमार्फत प्राप्त थप ४ लाख रुपैयाँको लागतमा साविकै भवनमा एकतला थप गरी ट्रस निर्माण गरिएको छ। संघीय सरकार शिक्षा मन्त्रालयमार्फत कार्यान्वयन सुरु भएको कार्यक्रममा स्थानीय तहहरूको भने हस्तक्षेप पाइएको छ। शिक्षा मन्त्रालयले स्थानीय तहको बैङ्क खातामा रकम पठाउने तर स्थानीय तहले रकम निकासा गर्न अनाकानी गर्ने गरेको नमूना विद्यालयहरूको गुनासो छ। नमुना विद्यालयका एकजना प्रधानाध्यापकले भने, 'शिक्षा मन्त्रालयले स्थानीय तहमार्फत निकासा दिन खोज्दा प्रक्रियाका नाममा ढिलाइ हुने गरेको छ।' शिक्षा विकास तथा समन्वय एकाइ झापाका प्रमुख जयप्रसाद महतले केही जिल्लामा यो समस्या आएको सुने पनि झापामा समस्या नभएको जनाए। 'कार्यक्रम कार्यान्वयनको अवस्थाका बारेमा हामीले पनि जानकारी लिइरहेका हुन्छौं, तर रकम निकासामै समस्या भएको भन्ने जानकारी आएको छैन' उनले भने। त्यस्तो अवस्था रहेको थाहा पाए समन्वय गरिने उनको भनाइ छ।

## रामेछाप डायरी

### दोरम्बामा शहीद भएका परिवारको व्यवस्थापन सरकारले गर्ने

दोरम्बा हत्याकाण्डमा परी शहीद भएका परिवारहरुको व्यवस्थापन सरकारले गर्ने भएको छ । १६ बर्ष अघि दोरम्बा हत्याकाण्डमा परी तत्कालिन माओवादीका जिल्ला जनसरकार प्रमुख बाबुराम लामा सहित २१ जनालाई



शाही नेपाली सेनाले हत्या गरेको थियो । शहीद परिवारले राज्यले वेवास्था गरेको गुनासो बढेपछि सत्तारुढ दल नेकपाले शहीद परिवारको व्यवस्थापनमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

शनिवार दोरम्बाको डाँडाकटेरीमा आयोजित १६ औ दोरम्बा हत्याकाण्ड स्मृति दिवसमा शहीद परिवारका सदस्यहरुले राज्यले आफूहरुलाई उपेक्षा गरेको गुनासो गरेका थिए । शहीद परिवारसँग अर्न्तक्रिया कार्यक्रम गर्दै नेकपा नेताहरुले तीन वटै तहको सरकारसँग समन्वय गरेर व्यवस्थापनको कार्यमा लाग्ने प्रतिबद्धता गरेका हुन् ।

नेकपा ३ नम्बर प्रदेशका सचिव आनन्द पोखरेलले शहीद परिवारहरुको व्यवस्थापन गर्न आफूहरु गम्भीर रहेको बताए । उनले रामेछाप न्युजसँग भने,'स्थायी सरकारलाई योजना बनाएर ल्याउन निर्देशन दिएका छौ, प्रदेश सरकार केन्द्र सरकारसँग समन्वय गरेर शिक्षा र रोजगारीको व्यवस्थापन गर्छौं ।'

नेकपा दोरम्बाका प्रस्तावित अध्यक्ष हिरा श्रेष्ठले शहीद परिवारको व्यवस्थापनमा आफूहरु गम्भीर रहेको बताए । उनले भने,'शहीद परिवारको शिक्षा, स्वास्थ्य र रोजगारीको लागि योजना बनाएर नै प्रदेश र केन्द्र सरकारसँग व्यवस्थापनको लागि पहल गर्छौं ।'

सहयोग गर्ने मन्त्री ढुंगेलको प्रतिबद्धता

तीन नम्बर प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुंगेलले शहीद परिवारको व्यवस्थापन गर्न आफूहरु गम्भीर रहेको बताए । उनले भने,'शहीद परिवारको व्यवस्थापन गर्ने ठोस योजना ल्याएको अवस्थामा प्रदेश सरकार सहयोग गर्न तयार छ ।'

### झुठा आरोप नलगाउन कांग्रेसलाई अध्यक्ष सुनुवारको चेतावनी

उमाकुण्ड गाउँपालिकाका अध्यक्ष शेर बहादुर सुनुवारले झुट्ठा आरोप नलगाउन नेपाली कांग्रेसलाई चेतावनी दिएका छन् । उनले जनप्रतिनिधिहरु सबै गलत नभएको बताउदै भ्रष्टचार गरेको प्रमाणित गर्न पनि चुनौती दिएका हुन् ।

केही दिन अघि नेपाली कांग्रेस रामेछापका गत निर्वाचनमा उम्मेदवार बनेर पराजित भएका नेताहरुले संयुक्त रुपमा जारी गरेको विज्ञप्तीमा जनप्रतिनिधिहरु भ्रष्टचारमा लिप्त भएको आरोप लगाइएको थियो ।

आरोपको खण्डन गर्दै अध्यक्ष सुनुवारले जनताको चाहना र भावना अनुसार नै काम गरिरहेको बताउदै भ्रम सृजना गर्ने गरी गोलमोटल आरोप नलगाउन काग्रेसलाई चेतावनी दिएका छन् । 'कसले कहाँ कति भ्रष्टचार गरेको छ, कुन शीर्षमा कति भ्रष्टचार भयो त्यसको प्रमाण सहित भ्रष्टचार गर्ने व्यक्तिको नाम सार्वजनिक गर्नुहोस', उनले भने,' आरोपको लागि आरोप मात्र नलगाउनुहोस, हावादारी आरोप लगाउने काम बन्द गर्नुहोस ।'

आफ्नो गाउँपालिकाभित्र सडक, शिक्षा, औषधी, खानेपानी लगायतको क्षेत्रमा दुई बर्षको अवधिमा धेरै सुधारको काम भएको बताउदै कांग्रेसले सत्य तथ्य विषय समावेश गरेर मात्र बोल्न आग्रह गरे । अध्यक्ष सुनुवारले उमाकुण्ड गाउँपालिकाभित्र भएका सबै विकास निर्माणको पारदर्शी भएको बताए ।

कुनै व्यक्ति विशेषको घटनालाई लिएर समग्र रामेछापका जनप्रतिनिधिहरु नै खराब छन भन्ने अभिव्यक्तिलाई सच्याउन पनि अध्यक्ष सुनुवारले काग्रेसका तत्कालिन उम्मेदवारहरुलाई आग्रह गरेका छन् ।

### यसै बर्ष खाँडादेवी गाउँपालिकाभित्र अस्पताल सञ्चालनमा आउने

गाउँपालिकाभित्रका नागरिकहरुलाई सहज र सर्वसुलभ ढंगेले स्वास्थ्य सेवा उपलब्ध गराउने मुख्य उदेश्यको साथ खाँडादेवी गाउँपालिकाले अस्पताल निर्माण गर्ने योजना अगाडि सारेको छ । यस आर्थिक बर्षबाटै अस्पताल निर्माणको काम अगाडि बढाएर सेवा सञ्चालनमा ल्याउने योजना गाउँपालिकाले अगाडि सारेको हो ।

आर्थिक बर्ष २०७५/ ०७६ सम्पादन गरेको कामको बारेमा जानकारी दिन आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाले यही आर्थिक बर्षत्रिभ नै डाक्टर सहितको अस्पताल सञ्चालनमा ल्याउने बताएको हो । त्यसैगरी गाउँपालिकाको पहलमा वडा नं ३ भिरपानीको लाप्का क्षेत्रलाई समेट्ने गरी सामुदायीक सेवा केन्द्र स्थापना गर्ने घोषणा गरेको छ ।

कार्यक्रममा उठेको प्रश्नको जवाफ दिदै गाउँपालिका अध्यक्ष प्रेम बहादुर तामाङले गाउँपालिकाबाट सञ्चालित सबै योजनाहरु पारदर्शी रहेको बताए । उनले विकास निर्माणको काममा नागरिकहरुको साथ र सहयोग लिएर नै अगाडि बढने प्रतिबद्धता व्यक्त गरे । उनले दुई बर्षको अवधिमा गाउँपालिकाभित्र सडकको सडक कालोपत्रको काम अगाडि बढेको बताउदै विद्युतीकरण, खानेपानी, कृषि लगायतको क्षेत्रलाई उच्च प्राथमिकता दिएर काम गरिरहेको बताए ।

कार्यक्रममा पूर्व सभासद तारानारायण श्रेष्ठ, जिल्ला समन्वय समिति रामेछापका प्रमुख प्रेम बहादुर खड्का, गाउँपालिकाकी उपाध्यक्ष मखमली श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद सुवेदी, नौ वटै वडाका वड अध्यक्षहरु, वडा सदस्यहरु र नागरिकहरुको सहभागीता रहेको थियो ।

# अन्तर्राष्ट्रियस्तरको तालिम दिन खुल्यो ‘इन्टरस्कार्फ सेफ्टी ट्रेनिङ शोलुशन’

अत्याधुनिक सुविधासहित अन्तर्राष्ट्रियस्तरको तालिम प्रदान गर्ने उदेश्यले काठमाडौंको बसुन्धरामा नयाँ तालिम केन्द्र ‘इन्टरस्काफ सेफ्टी ट्रेनिङ सोलुशन प्रालि’ संचालनमा आएको छ । बेलायतका विभिन्न तालिम प्रदायक संस्थाबाट मान्यता प्राप्त उक्त ट्रेनिङ सेन्टरले अन्तर्राष्ट्रिय स्तरको तालिम प्रदान गर्नुका साथै प्रमाणपत्र प्रदान गर्ने जनाइएको छ ।

उक्त तालिम केन्द्रको शुक्रवार प्रतिनिधि सभा सदस्य बहादुरसिंह लामा र वैदेशिक रोजगार वोर्डका कार्यकारी निर्देशक राजन प्रसाद श्रेष्ठले संयुक्तरुपमा उद्घाटन गरे ।

बेलायतको मान्यता प्राप्त सिर्जसको स्काफ फोल्डिङका विभिन्न लेभलका कोर्श उक्त ट्रेनिङ सेन्टरले प्रदान गर्ने जनाइएको छ । सिजर्सको प्रमाणपत्र अन्तर्राष्ट्रिय रुपमा मान्यता दिइनुका साथै यसको प्रमाणपत्र लिएपछि गल्फलगायत अन्य मुलुकका बहुराष्ट्रीय कम्पनी, सरकारी निकायले विशेष प्राथमिकता दिने ट्रेनिङ सेन्टरका प्रमुख कार्यकारी अधिकृत पशुपति आचार्यले जानकारी दिए ।

यसका साथै बेलायतकै इराटाको मान्यता लिएर डोरीमा झुण्डिने ट्रेनिङको विभिन्न लेभलका कोर्शहरु पनि गराइने आचार्यको भनाई छ । विश्वव्यापी श्रम बजारको अधिकांश क्षेत्रमा विशेष प्रकारका डोरी तथा अन्य उपकरणको प्रयोग गरी अप्ठयारो र अग्लो ठाउंमा कुनै कार्य गर्न यस प्रकारको तालिम उपयोगी हुन्छ । साथै यो उद्दार मिसनमा पनि प्रयोग गरिन्छ ।

आगामी दिनमा ७ वटै प्रदेशमा शाखा विस्तार गर्ने योजना लिएको उक्त




ट्रेनिङ सेन्टरले ६ महिनाभित्र हस्पिटालिटी तालिम प्रदान गर्ने योजना रहेको संचालक टेकबहादुर पौडेलको भनाई छ ।

ट्रेनिङ सेन्टरको उद्घाटन गर्दै प्रतिनिधि सभा सदस्य बहादुरसिंह लामाले सरकारले गर्ने काम नीजि क्षेत्रले गरेको भन्दै स्वदेशमा वा विदेशमा सीप र दक्षताको महत्व धेरै रहेको बताए । नेपालमा अव धेरैभन्दा धेरै तालिम प्रदान गर्ने संस्था खुल्न आवश्यक भइरहेको अवस्थामा अन्तर्राष्ट्रिय स्तरको ट्रेनिङ सेन्टर खुल्नु राम्रो भएको उनको भनाई थियो ।

वैदेशिक रोजगार प्रवर्द्धन वोर्डमा कार्यकारी निर्देशक राजन श्रेष्ठले आजको आवश्यकता नै सीप विकास भएको भन्दै अव वैदेशिक रोजगारमा जानेले अनिवार्य सीप सिक्नु पर्ने अवस्था आइरहेको बताए । अन्तर्राष्ट्रियस्तरको नयाँ तालिम केन्द्र संचालनमा आएर नेपाली जनशक्तिलाई दक्ष बनाउन सहयोग पुग्ने उनको भनाई थियो ।

सो अवसरमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष रोहन गुरुङले अव सबै व्यवसायीहरुले यस्ता तालिम केन्द्रलाई प्राथमिकता दिनु पर्ने बताए । उनले भने-‘अवको तीन बर्षमा तालिम लिएका कामदार मात्र विदेश जाने अवस्था आउँछ ।’

अन्तर्राष्ट्रिय मान्यता प्राप्त उक्त ट्रेनिङ सेन्टरले विशेषगरी स्काफफोल्डिङ, रोप एक्सेस (स्पाइडर क्लिनिङ), एल्मुनियम तथा स्टिल फेर्विकेशन, सटरिङ कार्पेन्टर, फिनिसिङ कार्पेन्टर, स्टिल फिक्सर, इन्सुलेटर, मेशन, वेल्डिङ, इलेक्ट्रिसियन, पेन्टिङ, प्लम्बिङ लगायत धेरै विषयमा तालिम प्रदान गरी दक्ष बनाएर प्रमाणपत्र दिने जनाइएको छ ।

स्वदेशमा होस् या वैदेशिक रोजगारमा जाँदा सीप सिकेर दक्ष बनेर मात्र जानु पर्छ भन्ने सरकारको मान्यतालाई सार्थक बनाउन ट्रेनिङ सेन्टरले अत्याधुनिक सुविधासहित गुणस्तरीय तालिम प्रदान गर्ने संचालकको भनाई छ । ट्रेनिङ सेन्टरमा अन्तर्राष्ट्रिय स्टाण्डर्डका ट्रेनिङ सामाग्रीहरु रहेका छन् । सुविधासम्पन्न कक्षा कोठा, ट्रेनिङ हलका साथै शान्त वातारणमा सिक्न पाइने बताइएको छ । १० रोपनी जग्गामा रहेको ट्रेनिङ सेन्टरमा होस्टेल तथा क्यान्टिनको व्यवस्थासमेत रहेको छ ।

विशेषगरी मेनपावर कम्पनीहरुलाई उक्त ट्रेनिङ सेन्टरले विशेष सुविधासहित छुट प्रदान गर्नुका साथै वैदेशिक रोजगारमा जानेहरुको तालिम, अन्तर्वार्ता तथा स्किल टेष्ट गराउनका लागि सम्झन संचालक पौडेलले अनुरोध गरेका छन् ।

अव अदक्ष बनेर कमजोर होइन दक्ष र सीपयुक्त बनेर विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने बनाउनु ट्रेनिङ सेन्टरको अभियान रहेको बताइएको छ ।

# भ्रमण वर्ष सफल पार्न पर्यटकीय गन्तव्यको प्रचारप्रसारमा जोड

कञ्चनपुर । कञ्चनपुरको भीमदत्त नगरपालिकाले नेपाल भ्रमण वर्ष सन् २०२० सफल बनाउनका लागि पर्यटकीय क्षेत्रमा प्रचार सामग्री राख्न थालेको छ । आन्तरिक र बाह्य पर्यटकलाई लक्षित गरी नगरपालिकाका क्षेत्रका सबै पर्यटकीय क्षेत्रमा प्रचारप्रसार राखिएका छन् ।

पश्चिमी नाकामा गडडाचौकीमा पर्यटकलाई हार्दिक स्वागतसहितको ठूलो प्रचार सामग्रीसहित शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, महाकाली नदीको झोलुङ्गे पुल, रौटेला, विष्णु मन्दिर धाम, झिलमिलालगायतका पर्यटकीयस्थलमा प्रचार सामग्री राखिएका छन् ।

पर्यटकलाई पर्यटकीयस्थलबारे सहजरूपमा जानकारी गराउन र गन्तव्यमा सहजरूपमा पुग्नका लागि प्रचार सामग्री राखेका छौं, नगरप्रमुख सुरेन्द्रबहादुर विष्टले भन्नुभयो, ती प्रचार सामग्रीमा पर्यटकीयस्थलको नाम, विशेषतालगायतका जानकारी दिएका छौं ।

नेपाल भ्रमण वर्षको प्रचार-प्रसार र पूर्वाधार निर्माणकार्य अगाडि बढाइएपछि पर्यटक बढ्ने अपेक्षा गरिएको उहाँले राससलाई बताउनुभयो । नगरपालिकाले नेपाल भ्रमण वर्ष सन् २०२० लाई सफल बनाउन २०१९ लाई पर्यटन र पूर्वाधार वर्षका रुपमा मनाउने घोषणा गरेको छ ।

नेपाल भ्रमण वर्ष सफल बनाउन गत वर्ष शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको पर्यटन प्रवर्द्धनका लागि शुक्लाफाँटा पर्यटन महोत्सव आयोजना गरिएको थियो । एक सातासम्म सञ्चालन गरिएको महोत्सवमा दुई हजार पर्यटकले शुक्लाफाँटा निकुञ्ज भ्रमण गरेका थिए । यो सङ्ख्या निकुञ्जकै इतिहासमा अहिलेसम्मकै ठूलो हो ।

बाह्रसिङ्गको झुण्डले परिचित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जलाई पर्यटनका क्षेत्रमा खुला विश्वविद्यालयका रुपमा विकास गर्न सकिन्छ । निकुञ्जको प्रचार-प्रसारका लागि भीमदत्त नगरपालिका नगर कार्यपालिकाको बैठकसमेत निकुञ्जको शुक्लाफाँटा घाँसेमैदानमा बसेको थियो । भीमदत्त नगरपालिकाले झोलुङ्गे पुलदेखि बागफाँटासम्म शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज किनार शुक्लाफाँटा पर्यटनमार्ग निर्माणकार्य शुरु गरिएको छ । यो मार्ग निर्माण भएपछि किनारका पर्यटकहरुले झोलुङ्गे पुल, हात्तीसार, गोहीको अवलोकन गर्न सक्नेछन् ।

भीमदत्त नगरपालिका-९ मा पर्ने झिलमिला तालसम्म जान पक्की सडक निर्माण गरिएको छ । पर्यटकहरुले ताराकोटसम्म गाडीमा त्यहाँबाट झण्डै एक किलोमिटर टाढा तालसम्म पुग्न पदमार्ग निर्माण गरिएको छ । ताराकोटमा पिकनिक स्पट बनाउने नगरपालिकाको योजना छ । ब्रह्मदेवदेखि झिलमिलासम्म केबलकार सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिएको छ ।

नगरपालिकाका उत्तरी क्षेत्रका धार्मिक पर्यटकीयस्थललाई एकापसमा जोड्न धार्मिक पर्यटनमार्ग निर्माण गरिएको छ । रौटेलादेखि ब्रह्मदेवसम्म निर्माण गरिएको २२ मिटर चौडा सडकबाट रौटेला, विष्णु मन्दिर धाम, भम्केनी, ब्रह्मदेवको सिद्धनाथ मन्दिरलाई एकापसमा जोडिएका छन् ।

नगरपालिकाको वडा नं १ बाराकुण्डाका सबै १२ कुण्डलाई पुनःभरण गरी पर्यटकीय गन्तव्य बनाइएको छ । भम्केनी धाममा निर्माणाधीन ७५ फिट अग्लो नेपाल आमाको मूर्तिका लागि नगरपालिकाले रु एक करोड सहयोग गर्ने प्रतिबद्धता गरेको छ ।

नेपाल पर्यटन बोर्डसँग सहकार्य गरी झोलुङ्गे पुल सौन्दर्यीकरणका लागि सौर्यबत्ती जडान गरिएको छ । भीमदत्त नगरपालिका वडा नं १४ स्थित राना-थारू घरबासमा सङ्ग्रहलय बनाउन सहयोग गरिएको छ ।

झोलुङ्गे पुल नजिक उद्यान निर्माणकार्य अघि बढेको छ । झिलमिलातालको गुरुयोजना निर्माणका लागि बजेट विनियोजन गरिएको छ । चुरे क्षेत्रमा पर्ने कालिताल झरनालाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न बाटो निर्माण गरिएको छ । ब्रह्मदेवको खल्लास्थित ५२ ढोकालाई संरक्षणका लागि तारबार गरिएको छ ।

तपाइलाई कुनै फर्निचरका सामानहरु चाहिएको छ ?

हामीलाई सम्झनुहोस्

afn s Nof0f kmlg{ / pBf]u

मन्थली–१, रामेछाप

यहाँ फर्निचरका सम्पूर्ण सामाग्रीहरु पाइन्छ जस्तैः टेबल, कुर्सि, सोफाका साथै अफिस र पसलको सम्पूर्ण डेकोरेशन गरिन्छ । अर्डर अनुसारको घर तथा अफिसको सम्पूर्ण सामान उपलबध गराइन्छ ।

प्रो. केवी श्रेष्ठ

मोबाइलन नं.: ९८५४०४०२१२, ९८४४२६७२१२ ९८६४२३७२३५

# सर्प जोगाउन सक्रिय परिवार

चितवन । सर्प झट्ट सम्झँदा जो कोहीलाई डर लाग्छ । अधिकांश सर्प विषालु हुन्छन् । देख्नेबित्तिकै मानिसहरु मार्न अग्रसर भई हाल्छन् तर चितवन भरतपुरका एक परिवार सर्पसँग रमाउँछन्, खेल्छन्, उद्धार गर्छन् । उनीहरु सर्प संरक्षणमा क्रियाशील छन् ।

भरतपुर महानगरपालिका-१५ जयनगरका अनिरुद्र सापकोटाको परिवार सर्प देख्दा निकै खुशी बन्छन् । सर्पलाई समातेर जङ्गलमा लगेर छाडिदिन्छन् । सापकोटा परिवार सर्पलाई सन्तानसरह माया दिन्छन् ।

गाउँघरमा सर्प देखिँदा उहाँहरुलाई बोलाइन्छ । उहाँहरु तुरुन्तै पुगेर उद्धारमा जुट्नुहुन्छ । स्थानीयका घरभित्र, आँगन वरपर देखिएका सर्प समात्न जाने गर्नुहुन्छ । घरमा सर्प पस्यो भन्दै फोन आउँछ, उहाँले भन्नुभयो,



सर्पलाई समाउने औजार र बोरा लिएर जान्छु, करीब १० मिनेटमा उद्धारको काम सकिन्छ ।

एक महीनामै आठ सर्पको उद्धार भएको छ । उहाँ सर्पलाई बचाउनुपर्ने तर्क राख्नुहुन्छ । सर्पलाई उद्धार गर्दा सन्तुष्टि मिलेको छ, सापकोटाले भन्नुभयो, सर्प जोगाउन सकिएन भने मानव अस्तित्व पनि समाप्त हुन्छ । सर्प लोप भएमा भावी सन्ततिले कथाका रुपमा कल्पना गर्नुपर्ने दिन आउने बताउनुहुन्छ । सर्प उद्धार गरेवापत कुनै रकम लिनुहुन्न ।

चितवनमा मात्रै होइन, उहाँले छिमेकी जिल्ला नवलपुरसम्म पनि पुगेर उद्धार गर्नुभएको छ । बाउन्न वर्षीय अनिरुद्र नेपाली सेनाबाट २०६३ सालमा अवकाश पाउनुभएको थियो । नेपाली सेनामा हुँदा उहाँले सर्पको कहिल्यै उद्धार गर्नु नभएको भएपनि सर्प संरक्षणमा जुट्नुभएको छोरा सुनिल सापकोटाबाट प्रभावित भएर उहाँ पनि सर्प संरक्षणमा लाग्नुभयो ।

छोराले सर्प बचाउनुपर्छ भन्यो, जियोग्राफी, एनिमल प्लानेट जस्त विदेशी टेलिभिजन च्यानलहरु हेर्दा विदेशीले संरक्षण गरेको देखेँ, उहाँले विगत सम्झदै भन्नुभयो, विदेशीले सर्पलाई चिडियाखानामा पालेको देखेँ । वातावरणलाई यथावत राख्न सर्प बचाउनैपर्ने रहेछ भन्ने थाहा भएपछि यसतर्फ लागेको हुँ ।

उहाँ सर्प मार्न नहुनेमा अडिग हुनुहुन्छ । मार्दा एकछिन सुरक्षित भएको अनुभव होला तर यसले वातावरणलाई धेरै घाटा हुन्छ र मानव अस्तित्वलाई नै सङ्कट पुऱ्याउँछ, उहाँले भन्नुभयो, सर्पको विष औषधिका रुपमा समेत प्रयोग हुन्छ, ‘एन्टी स्नेक भेनम’ बन्छ, अन्य रोगविरुद्धको औषधि पनि बन्दो रहेछ ।

उहाँ सर्पलाई सम्पत्तिका रुपमा चित्रण गर्नुहुन्छ । उहाँले पछिल्लो समय घरभित्र प्रवेश गरेका करेत, अजिङ्गर, धामिनको उद्धार गरेर ल्याएको जानकारी दिनुभयो । अहिलेसम्म ४०० भन्दा बढी सर्पलाई उद्धार गरी जङ्गलमा छाडेको उहाँको भनाइ छ ।

अहिले उहाँले सर्प राख्नकै लागि काठको कोठा भएको दराज बनाउनुभएको छ । कम विषालु सर्पलाई दराजमा राखे पनि विषालु सर्पलाई प्लाष्टिकको भाँडामा जम्मा गर्दै आउनुभएको छ । उद्धार गरेर जम्मा भएका सर्पलाई नजिकैको देवनगरको जङ्गलमा लगेर छाड्ने गर्नुहुन्छ । जङ्गलमा राम्रो वातावरण मिल्छ, हुर्किन पाउँछन्, स्वतन्त्र भएर डुल्न पाउँछन्, उहाँले भन्नुभयो, बस्तीमा आउँदै सबैले खेद्छन्, जोगाउन जङ्गल नै उपयुक्त छ ।

उहाँ सर्पको महत्व बुझाउने अभियान पनि चलाउने गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, घातक रोगहरुको औषधि बन्छ । करेतमा धेरै विष हुन्छ, जसलाई प्रशोधन गरेर धेरै मात्रामा औषधि बनाउन सकिन्छ, धामिनले धानका मुसा खान्छ, फाइदा किसानलाई नै पुग्छ ।

खानाको खोजीमा सर्प घर पस्ने गरेको उहाँ बताउनुहुन्छ । घरमा पस्यो भन्दैमा मारिहाल्न नहुने उहाँको तर्क छ । सापकोटाले अहिलेसम्म सर्प उद्धारसम्बन्धी कुनै औपचारिक तालीम भने लिनुभएको छैन । उहाँ भन्नुहुन्छ, टिभीबाटै सिकेको हुँ, हेरेर सिकेको ज्ञानका आधारमा सर्पलाई समात्ने गरेको छु ।

पछिल्लो समय उहाँलाई केही मानिसले सर्प संरक्षण गरेका कारण यसको सङ्ख्यामा वृद्धि भएको आरोप लगाउने गरेका छन् । सापकोटाले उद्धार गरेका सर्पबारे तथ्याङ्क राख्न थाल्नुभएको छ । उहाँ भन्नुहुन्छ, विषालु मानिएको राज गोभन (किङ कोब्रा) र करेत समातेपछि मलाई थप हौसला बढ्यो । तीन वर्षअगाडि गैंडाकोटको प्रहरी चौकीको भ्यानको इञ्जिनबाट नौ फिट छ इन्चको राज गोभन (किङ कोब्रा) उद्धार गरेको स्मरण गर्नुभयो ।

सर्पसँग जति नजिक भइन्छ, डर भाग्दै जाने उहाँको भनाइ छ । सर्पलाई जिस्क्याएमा मात्रै प्रतिकारमा उत्रन्छ, उहाँले भन्नुभयो । सापकोटाले सर्प संरक्षणका लागि सरकारले छुट्टै बजेट छुट्याउन माग गर्नुभयो । अनिरुद्र आजभोलि गोही संरक्षणमा पनि जुट्न थाल्नुभएको छ ।

उहाँ मात्र होइन, घरका सबै सदस्य अहिले सर्पको संरक्षण लाग्नुभएको छ । घरपरिवार सबै सर्प संरक्षणमा सकारात्मक देखिएपछि उहाँलाई यो काम गर्न निकै सजिलो भएको छ । उहाँकी श्रीमती जानकी भन्नुहुन्छ, कम विषालु सर्प मैले पनि उद्धार गर्छु ।

सर्पले वातावरणमा रहेका हानिकारक विषादी खाने भएकाले यसको संरक्षण नगरे मानवजातिलाई नै प्रत्यक्ष असर पुग्ने उहाँको बुझाइ छ । सुत्ने पलङभित्र परेका कयौं सर्पलाई उद्धार गरेको उहाँको स्मरण छ ।

उहाँहरुका छोरा सुनिल अहिले सर्पको विषबारेको अध्ययन अनुसन्धान गर्न भूटानमै हुनुहुन्छ । सुनिलले भूटानमा अध्ययनसँगै त्यहाँका सर्पको प्रकार र सङ्ख्या गणना गर्ने काम गरिरहनुभएको आमा जानकी बताउनुहुन्छ ।

अहिले सापकोटा परिवारले सर्पबारे जनचेतना फैलाउन श्रव्यदृश्य ( भिडियो) निर्माण गरी सामाजिक सञ्जालमा समेत हालेर सर्पको बहुउपयोग गुणबारे सबैलाई बुझाउने प्रयासमा हुनुहुन्छ । सर्पबारे भिडियो निर्माण गर्न उहाँका तीन वर्षका नातिदेखि छोरी, बुहारी र श्रीमतीले सहयोग गर्दै आइरहेका छन् । नेपालमा २०० भन्दा बढी प्रजातिका सर्पहरु पाइन्छ ।

# मेरा जिन्दगीका अनुभवहरु-९

आशोको सिद्धान्तमा आधारित रहेर ओशो यागसाधना र ध्यानमा आधारित रहेर ओशो धारा तयार पारिएको थियो । त्यहाँ अनेक खालको कार्यक्रमहरु हुन्थे । तीन दिनदेखि सातदिनसम्म ती योगसाधानहरु चल्थे । चितवनको सौराहमा पनि योगसाधनको लाग राम्रो व्यवस्था थियो ।त्यहाँ पनि नेपाल एवं भारत गुरुहरबाट ध्यान तथा योगसमाधी सम्बन्धी शिविरहरु भइरहन्थे । यहाँ शुरुमा आनन्द पज्ञा, त्यसपछि योग प्रज्ञा, समाधी प्रज्ञा, त्यसपछि सुरती, निरति, अमृत समाधी, दिव्य समाधी, ज्ञान समाधी निर्माण समाधी, आर्चा समाधी आदि हुने गरेका थिए ।

आनन्द प्रज्ञा तथा योग प्रज्ञादि समाधीले मानिसको जीवनको हरेक क्षेत्रमा निकै प्रभाव पार्दो रहेछ । जीवनमा सकारात्मक सोचाइका लागि प्रज्ञापूर्ण आयामका आठ आयामहरुमा शिक्षालाई विशेष जोड दिइन्थ्यो । सम्यक दृष्टि, सम्यक जागृति, कर्म, सम्यक सम्बन्ध, वाणी, संकल्प, सम्यक स्वीकार र सम्यक समाधनी अर्थात् साक्षी जीवन । यी विधिहरुलाई राम्रोसँग अध्ययन गरेर ध्यानका नयाँ र अति प्रभावशाली विधिहरु सजिवनी, विपाश्यना, ऊर्जा, इन्द्रधनुष, लीला ध्यान तथा ध्यान गरेर मानिसहरुलाई शारीरिक तथा मानसिश रुपले धेरै राम्रो बनाउन सक्ने रहेछ ।

ओओको योगसाधनाहरुमा २१ औं शताब्दीमा विकसित देशमा भइरहेका मानिसहरुको चिन्तन मनन र तिनमा भएका तनवालाई कम गर्न पनि योगसाधन निकै महत्वपुर्ण सावित भएका छन् । अविकसित देशहरुका मानिसहरुमा भएको भोक र रोगका तनवाहरुलाई कम गरेर जीवनलाई सन्तुलन गर्ने तौरतरिकाको बारेमा बयान गरिएको हुनाले यो समग्र मानव जातीको लागि हितकर रहेको छ । यी कुराको बारेमा जानकारी पाउँदा मलाई भौतिकवादी चिन्तन व्यवहार र आध्यमात्मवादी चिन्तन र व्यवहारको पनि त्यत्तिकै आवश्यकता रहेको महसुस भएको छ ।

विकसित देशहरुमा मानिसहरुले प्रशस्त काम गरेर आफ्नो प्रगति उन्नति गरेका छन् र उनीहरुको जीवनस्तर निकै माथि रहेको छ । पूर्वीय चिन्तन अनुसार बिहान बेलुका समय निकालेर योगसाधना गरेर आफुलाई नर्मल र कन्चन बनाएर यी दुबैलाई आफ्नो जीवनमा लागु गर्न सकेको खण्डमा जीवनलाई सुखी र खुशी बनाउन सकिँदोरहेछ । वास्तवामा १२ औं शताब्दीको आवश्यकाता पनि यही हो भन्ने मलाई लागेको छ ।

सौराहमा योगसाधनाको लागि गौरीशंकर र म गएका थियौ । बुटवल, भैरहवालगायतकका धेरै ठाउँबाट धेरै मानिसहरु सहभागिी हनु आएका थिए । त्यहाँको वातावरण निकै उल्लासमय बनेको थियो । ध्यानमा आउका सहभागीहरुलाई खाने बस्ने आदीको राम्रो व्यवस्था गरिएको थियो । ठुला योगीहरु आएर ध्यान सिकाएका थिए । करिव १५ दिनसम्मको ध्यानले जीवनमा नयाँ खालको अनुभव प्राप्त भएको जस्तो लाग्यो । धेरै कुरा जाने जसतो पनि लाग्यो । मानिसहरुलाई आत्मसन्तुष्टी र जीवनजगतलाई राम्रोसँग बुझ्न पनि निकै सहयोग पुऱ्याउने रहेछ ध्यान र योगसाधानाले । पश्चिमा मुलुकहरुको सभ्याता आदिको बारेमा जानकारी पाउन तथा यसले पारेका प्रभावको बारेमा पनि राम्रोसँग जानकारी पाउने हुनाले ओशाको अध्ययनमा चिन्तन मनन धेरै गर्न थालियो ।

प्लेटो, एरिष्टोटल देखि क्रिश्चियन, ईस्लाम आदि धर्मले देखाएको बाटोको बारेमा अध्ययन गरियो । विश्वका दर्शन र ज्ञानले भरिएका कुराहरुको बारेमा पनि जानकारी पाउँदा मनमा निकै आनन्द लागेर आउँथ्यो । यसले संसार जान्ने र बुझ्नेलाई मात्र होइन, पूर्वीय चिन्तन, योगसाधाना आदिको माध्यमबाट जीवन र जगतलाई जान्न र अरुको लागि उपकारको लागि समेत काम गर्न सकिँदो रहेछ भन्ने कुराको आत्मज्ञान भयो । यो एक्काइसौं शताब्दीको लागि आवश्यक मात्र नभई यसले संसारको मानव जीवनमा समते उल्लेख्य प्रगति ल्याउने रहेछ ।

राम्रा गुरुहरुबाट सिकेर बिहान बेलुका योगसाधनाका अभ्यासहरु गरेर भौतिकवादी सुखसुविधा प्राप्त गर्न सकिने चिन्तन रहेछ । यसलाई पुरातनवादीहरुले आफ्नै तरिकाले व्याख्या गरेका भएपनि संसारका प्रसिद्ध योगी तथा महात्माहरुले आजको युग सुहाउँदो हिसावले त्यसको व्याख्य र विश्लेषण गरेका रहेछन् । यो अध्ययनले देखाएको छ । बुद्ध धर्मको बारेमा तिब्बतका ठूला लामाहरुको यूरोप र अमेरिकामा प्रचार गरेका बुद्धिजमबाट पनि जीवन र जगतको बारेमा राम्रो जानकारी पाउन सकिन्छ ।

अमेरिकामा जैन, बुद्धिजम, मिचिरेन बुद्धिजम जापानबाट चिन हुँदै अमेरिका यूरोपमा आउका हिन्दु समाजका ठुला विद्धान र योगीहरुले गरेका अध्ययन र अनुसन्धानबाट मानिसको जीवनमा कस्तो प्रभाव पारेका छ भन्ने कुराको जानकारी लागि पनि यी सबै कुराहरको बारेमा जानकारी हुन आवश्यक छ ।

भारतमा स्वामी रामदेव बाबाले योगसाधनको माध्यमबाट प्रणायमहरु गराएर मानिसको रोग, चिन्ता र अनेकन खालको समस्याहरु समाधान गरेका उदाहरण त हामीहरुले देखि नै रहेको छै । यी कुराहरुको ज्ञान आफ्नै अनुभवबाट पनि योगसाधाना मानिसको जीवनमा ठुलो प्रभाव पारेको मैले अनुभूति गरेका छ ।

**छोराछोरीहरुको पढाइ**

जेठोछोरो सुरेन्द्रनाथ बास्तोला दार्जिलिङ र काठमाडौं पढेर आई. ए. सी गरेपछि उसलाई नेपाल रुस मैत्री संघको मार्फत डा. रायमाझीको सिफारिसमा कल्चरल स्कलरसिपमा मस्को अध्ययनको लागि पठाइयो । उसले ७ वर्ष लगाएर त्यहाँबाट रेडियो इन्जिनियरिङ, एरोनेटिकल इन्जिनियरिङ पढ्यो । नेपाल आएर टेलिकममा इन्जिनियर भएर काम गऱ्यो । उसको विवाह तिनकुनेको झंकनाथ र गजुरेल परिवारमा गरियो । उसकी श्रीमती दिव्या हुन् । उनले एम.ए पढेकी छन् । उसनको दाजु गोपाल गजुरेल र श्याम गजुरेल हुन् । उनको बुवाको नाम झंकनाथ गजुरेल हो । उसका काका प्रोफेसर केमिस्ट्रीका गजुरेत हुन्। सुरेन्द्रका छारीहरु दीपिका सुवानी बास्तोला र छोरा सुलक्ष हुन् । दीपिकाले नेपालमा राम्रो अध्ययन गरिन् त्यसपछि उसले अहिले अमेरिकाको युनिभर्सिटीमा चाटर्ड एकाउन्टेन्सीमा पढिराखेकी छिन् । सुवानी पूनामा कम्प्युटर इन्जिनियरिङ गर्दै छिन् । सुलक्ष ४ क्लासमा नेपामै पढ्दै छ । सुरेन्द्रको नोकारी समग्रमा उन्नति पथमै छ ।

मेरी जेठी छारी संगीताले स्कुल खर्साङ र काठमाडौंमा पढी, पछि आए. ए. सी. काठमाडौंबाट गरी । उसलाई



सूर्यनाथ बास्तोला

चाइनिज ल्याङवेज गरेर चाइनामा कल्चरल स्कलरसिपमा पढ्न युनिर्भसिटिमा पठाइयो । उसल पनि ५ वर्ष लगाएर आर्किटेक्चरमा पढी । राम्रोसँग अध्ययन गरेर काठमाडौँमा आई र यहाँ काम गर्दागर्दै उसको बिवाह डिल्ली बजारमा पुडासैनी परिवारका नरेन्द्र पुडासैनीसँग भयो । उनी इन्डिया मैसुरबाट कम्प्युटर इन्जिनियरिङ पास गरेर आएका थिए । संगीताले केही समय नेपालकै काम गरी र छोरी जेनिषा ३/४ वर्षकी भएपछि क्यानडामा बसोबास गर्ने गरी काम गर्न थाली । उनीहरु पनि मेहनतका साथ काम गरेर राम्रोसँग प्रगति उन्नति पथमै छन् । त्यहाँ राम्रोसँग सेटल गरेर बसेका छन्स ।कान्छी छारी शर्मिलाले खर्साङ् र काठमाडौं स्कुल पढी सके पछि काठमाडौं आई. ए. सी. गरी । अनि मैत्री संघ सोभियत संघवाट फर्किएका छात्राछात्राहरुको संगठन मैत्री संघवाट राजेन्द्र अधिकारीलाई भनेर उसलाई पनि कल्चरल स्कलरसीपमा, मेडिकल पढ्न पठाइयो । उसले पनि मिहिनेत गरेर मेडिकल पढेर आई । २ वर्ष सम्म नेपालमै काम गरेपछि उसको बिहे पुरुषोत्तम अर्यालसँग भयो । जो अमेरिकामा केयर थेरापिस्ट र रेम्चोरेटरी कम्पनी खोलेर बसेका उद्यमी हुन् । उनी अत्यन्त मिहिनेत मिलनसार हुन् । त्यसपछि शर्मिला अमेरिका नै गई । अमेरिकामा पनि रेजिडेन्सी गरेर ३ वर्ष मेडिकल अध्ययन गरेपछि राम्रो हस्पिटल पर्मानेन्ट सिनियर डा. भएर राम्रोसँग काम गरिराखेकी छ । श्रीमान् पुरुषोत्तम अर्याल पनि आफैं उद्योगी हुन् । उनी उद्योगलाई बढावा दिएर राम्रोसँग काम गरेर बसेका छन् । **क्रमशः**

## ज्येष्ठ नागरिकले पाएनन् भाडामा छुट र आरक्षण सिट

**– सञ्चिता घिमिरे**

काठमाडौं । ज्येष्ठ नागरिकको परिचयपत्र देखाउँदा पनि लोकहन्थलीबाट बानेश्वरसम्म जाँदा सार्वजनिक बसले महाप्रसाद पराजुलीसँग रु १० भाडा माग्ने गरेका छन् । काठमाडौं उपत्यकामा न्यूनतम भाडा रु १४ हो ।

ज्येष्ठ नागरिकलाई सार्वजनिक सवारी साधनमा ५० प्रतिशत छुट दिइने व्यवस्था भए पनि सार्वजनिक सवारी साधनले 'यति रुपैयाँ दिएकै छौं नि' भन्दै टार्ने गरेको पराजुलीको अनुभव छ । अग्रज समाज नेपाल, ज्येष्ठ नागरिक सङ्घर्ष समितिका अध्यक्षसमेत रहनुभएका उहाँले कतिपय सवारी साधनले त्यही छुट पनि दिन नचाहने गरेको बताउनुभयो । उहाँ उनीहलाई छुटका बारेमा बुझाएरै भए पनि तोकिएको भाडा तिरेर गन्तव्यसम्म जानुहुन्छ ।

सरकारले ज्येष्ठ नागरिकका लागि जम्मा भाडाबापत लाग्ने रकमको आधा छुट दिने व्यवस्था गरेको छ । विभागले कार्यविधि बनाएर शुरु गरे पनि आरक्षण र छुट अहिले काठमाडौं उपत्यकामा नै पूर्णरूपमा लागू भइरहेको छैन । काठमाडौं उपत्यका बाहिर र काठमाडौंबाट चल्ने लामो रुटका सवारी साधनमा यो समस्या अझै बढी रहेको ज्येष्ठ नागरिकको गुनासो छ । ज्येष्ठ नागरिकका लागि अनिवार्यरूपमा दुई वटा आरक्षण सिटको व्यवस्था गर्नुपर्ने भए पनि त्यसको अनुगमन नहुँदा धेरै सवारी साधनले बेवास्ता गरेको पाइएको छ ।

ज्येष्ठ नागरिक माधवप्रसाद घिमिरेले आरक्षण सिटको व्यवस्था नहुने र भाडामा छुट नदिने समस्या काठमाडौं उपत्यकामा भन्दा उपत्यका बाहिरका जिल्लामा बढी रहेको बताउनुभयो । काठमाडौं उपत्यकामा सवारी चालक र सवारीधनीमा केही ज्ञान भए पनि काठमाडौं उपत्यका बाहिर नभएको उहाँको भनाइ छ । अघिल्ला वर्षमा साझा, मयुरलगायतका यातायात सेवा प्रदायकले ७० वर्ष माथिका नागरिकलाई निःशुल्क यातायातको व्यवस्था गर्ने जनाएका थिए । उहाँले भन्नुभयो, अहिले तिनमा समेत पालना हुन छाडेको छ ।

अर्का ज्येष्ठ नागरिक सीताराम ढकाल यहाँबाट बनेपा वा धादिङ नै पुग्दा पनि सार्वजनिक सवारी साधनले छुट दिन नचाहने गरेको बताउनुभयो । कतिपय सवारी चालक र सवारीधनीमा यो काठमाडौं उपत्यकाका लागि मात्रै हो भन्नेसमेत भ्रम रहेको पाइन्छ । ज्येष्ठ नागरिकले लामो सङ्घर्षबाट ल्याएको व्यवस्था भएकाले पूर्णरूपमा कार्यान्वयन गर्नुपर्नेमा उहाँको जोड छ । उहाँले भन्नुभयो, हाम्रो आन्दोलनकै क्रममा कतिपय साथी बितिसक्नुभएको छ, हामी भएकाले निरन्तर आवाज उठाइरहेका छौं ।

आरक्षण सिट र छुट कार्यान्वयन भए नभएको भनी यातायात व्यवस्था विभागले अनुगमन नगरेको अध्यक्ष पराजुलीले बताउनुभयो । यातायात व्यवस्था विभागले समयसमयमा अनुगमन गर्दा मात्रै कार्यान्वयन हुने उहाँले बताउनुभयो । अहिले सहचालकले सजिलोसँग आधा छुट नदिएको उहाँको आरोप छ । कतिपय ज्येष्ठ नागरिक भाडा यति हो र हामीले यति छुट पाउनुपर्छ भनेर माग्ने भए पनि कतिपयले माग्न नसक्दा सहचालकले भाडामा छुट नदिएको उहाँको आरोप छ । उहाँले भन्नुभयो, पहिलपहिले अनुगमन हुँदा कार्यान्वयन भए पनि अहिले कार्यान्वयन भएको छैन ।

विभागका निर्देशक प्रेमकुमार सिंहले विभागले पहिलेदेखि नै सार्वजनिक सवारी साधनमा अनुगमन गरिरहेको बताउनुभयो । विगत एकदशक पहिलेदेखि अनुगमन हुँदै आएकामा आगामी दिनमा अझै बढाइने उहाँले बताउनुभयो । विभागले गत आवमा सवारी साधनलाई जरिवाना गरेर रु ४५ हजार जरिवाना गरेको थियो । पहिले विभागको कोठाभित्र मात्रै काम सीमित रहेकामा विसं २०६५ देखि सार्वजनिक यातायातमा अनुगमन शुरु भएको थियो । सवारी साधनले ज्येष्ठ नागरिकका लागि सिट आरक्षण नगरे वा ५० प्रतिशत छुट नदिए कारवाही गरिने उहाँले बताउनुभयो ।

ज्येष्ठ नागरिकसमेत संलग्न गराएर अनुगमन गराइने उहाँले प्रतिबद्धता जनाउनुभयो । उहाँले भन्नुभयो, अहिले अनुगमन शुरु गरेर दशैंलगायतका चाडपर्वमा अनुगमन बढाइनेछ । ज्येष्ठ नागरिकका सङ्घसंस्थाको अगुवाइमा विसं २०६९ मा महीनौंसम्म आन्दोलन भएको थियो । सोही आन्दोलनमा ज्येष्ठ नागरिकले सरकारसँग सार्वजनिक यातायातमा भाडामा छुट र आरक्षण सिटको माग गरेका थिए । सबै अस्पतालमा ज्येष्ठ नागरिकका लागि छुट्टै ज्येष्ठ नागरिक वार्डको व्यवस्था गर्न, खानेपानी, टेलिफोन, घरजग्गा लगायतमा पनि ज्येष्ठ नागरिकलाई विशेष छुटको माग गरिएको थियो ।

विभागले 'सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिनेसम्बन्धी कार्यविधि, २०७०' लागू गरेको थियो । सो कार्यविधिमा छुट र आरक्षण सिटका बारेमा उल्लेख छ । त्यस्तै ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९९२० ले सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई कम्तीमा ५० प्रतिशत छुट दिने व्यवस्था गरेको छ । सर्वोच्च अदालतले २०६७ चैतमा 'ज्येष्ठ नागरिक ऐन, २०६३ को ९९२० को व्यवस्थालाई यथाशीघ्र कार्यान्वयन गर्न आवश्यक नीति, नियम र अनुगमन संयन्त्र बनाई लागू गर्नु' भनी परमादेश गरेको थियो ।

## रामेछाप काठमाडौ सृर्जनशील समाजले तेस्रो रामेछापब्यापी कार्यक्रम गर्ने

रामेछाप काठमाडौ सृर्जनशील समाजले बिगतमा झै यसबर्ष पनि रामेछापब्यापीव प्रतिभा प्रदर्शनी कार्यक्रम गर्ने भएको छ । उक्त कार्यक्रम रामेछाप जिल्लाको मन्थली नगरपालिका १२ न. वडाको गेलुमा २०७६ भाद्र १३ गते गर्ने त्यस संस्थाका अध्यक्ष कृष्णहरि बुढाथोकीले बताएका छन् । त्यस कार्यक्रममा रामेछाप जिल्लाभित्रका कक्षा ९,१०,११,१२ मा अध्ययनरत बिद्यार्थीहरुले भाग लिन पाउने छन् । कार्यक्रममा हस्तलेखन, बक्तृत्वकला लगायत रहेकाछन् । कार्यक्रम गर्नुको उदेश्य बिद्यार्थीहरुमा अर्न्तनिहित प्रतिभा प्रष्फुटन गराउने, जिबन उपयोगी प्रतिभा र दक्षताको बिकाश गर्ने, बिद्यार्थीमा सामाजिक सकरात्मकता अभिबृद्धि गर्ने, सवै बिद्यालयका बिद्यार्थी र शिक्षकहरु बीच भेटघाट तथा अन्तरक्रियात्मक छलफलको बाताबरण तय गर्ने,



बिद्यार्थीहरुको लेखन क्षमता बृद्धी गर्ने गराउने रहेको भनि कार्यक्रम तालिकामा उल्लेख छ ।

त्यस कार्यक्रममा भाग लिन यही भाद्र ८ गते अगावै स्कुल, बिद्यार्थीहरुले इमेल, फोन, म्यासेन्जर मार्फत माबि सिक्रालका प्र.अ. पवनराज खडकाको फोन ९८५४०४०२०० वा अर्का शिक्षक रामहरि बुढाथोकी को फोन ९८४१७८४८९९ मा फोन गरेर नाम दर्ता गर्न सकिने संस्थाले तयार पारेको तालिकामा उल्लेख छ ।

रामेछाप काठमाडौ सृर्जनशील समाजले स्थापनाकाल देखि नै बिभिन्न सकरात्मक सामाजिक कामहरु गदै आइरहेको छ । यो रामेछापबासीहरुको लागि सुखद र गौरबको बिषय हो ।

## सुदूरपश्चिममा गौरा पर्वको चहलपहल शुरु

**–विमलबहादुर विष्ट**

सुदूरपश्चिमको प्रमुख धार्मिक तथा सांस्कृतिक पर्व गौराको चहलपहल शुरु भएको छ । गाउँमा गौरा घर लिपपोत शुरु भएको छरु। वर्षाले भत्किएका बाटाघाटा मर्मत र सरसफाइमा गाउँलेहरू जुटिसकेका छन् । गौरा विसर्जन गर्ने मठमन्दिरको सरसफाइ पनि शुरु भइसकेको छ । डोटीका हरेक गाउँ र टोलमा गौरा महोत्सवको उल्लास देखिन थालेको छरु। पुरुषहरूले मठमन्दिर सरसफाइ गरी गौरा भित्र्याउन देवताका चैत, धुमारी र ठाडो खेल शुरु गरिसकेका छन् ।

गौरापर्व मनाउनकै लागि थातथलो छोडेर बाहिर गएका पनि धमाधम घर फर्कन थालेका छन् । सुदूरपश्चिमका पहाडी जिल्ला डडेल्धुरा, बैतडी, दार्चुला, अछाम, बझाङ, बाजुरा, डोटीका गाउँघरमा अहिले गौरा पर्वको तयारी शुरु भएको डोटीको जोरायल गाउँपालिकाका-४का स्थानीयवासी दिनेशबहादुर मल्लले बताउनुभयो ।

उहाँले भन्नुभयो, गाउँमा गौराको चहलपहल बढेको छ, परदेश गएका घर आउन थालेपछि शहर बजार भन्दा पनि अहिले गाउँ घरको रौनक बढेको छ ।

सुदूरपश्चिमको प्रमुख सांस्कृतिक पर्व गौरा मनाउन घर फर्किनेका कारण तराईबाट पहाड आउने गाडी प्राय भरिभराउ हुने गरेको ट्राफिक प्रहरी पोष्ट बुडरका ट्राफिक प्रहरी केशव खड्काले बताउनुभयो । उहाँले भन्नुभयो, गौरा पर्व मनाउने आउनेका कारण सबैजसो गाडी अहिले भरीभराउ देखिन्छन, दशै तिहारभन्दा पनि बढी गौरापर्व मनाउने भएकाले कामका लागि गएका अहिले फर्किन थालेका छन् ।

त्यस्तै यहाँका जिल्ला सदरमुकामबाट ग्रामीण क्षेत्रसम्म यातायातका सावरी साधानमा भीड बढेको स्थानीयवासी बताउँछन्रु। दिपायलको प्रमुख व्यापारी केन्द्र पिपल्ला बजारमा अहिले गौरापर्वका लागि चाहिने सामान तथा नयाँ लुगा खरीद गर्नेको भीड बढेको दिपायल पिपल्लाका हरिश फेन्सीका व्यापारी नरबहादुर खड्काले बताउनुभयो । उहाँले भन्नुभयो, गौरापर्व मनाउन परदेश गएका घर फर्किन थालेका छन्, उनीहरुले बजारमा नयाँ लुगा तथा अन्य सरसामान किन्ने गरेका कारण यहाँका बजारको चहलपहल निकै बढेको छ । नेपाली पात्रोअनुसार यो वर्ष गौरा पर्व यही भदौ ६ गतेपर्ने भएको छ ।

महादेव वर पाउन देवी पार्वतीले गरेको कठिन तपस्या र व्रतको सम्झना गर्दै सुदूरपश्चिममा पौराणिककालदेखि मनाइँदै आएको पर्वका रुपमा गौरालाई लिइन्छरु। गौरा विसर्जन गरिने मठ मन्दिरमा भाद्र सङ्क्रान्तिका दिन पुरुष जम्मा भएर देवी-देवताको ठाडो (डेउडा) खेल लगाउँदै गौरापर्व शुरु भएको सन्देश दिने गरिन्छरु। पञ्चमीका दिन महिलाले सामूहिक रुपमा बिरुडा (५ प्रकारका अन्न मिसाएर बनाइने) स्थानीय जलाशयमा गएर भिजाउने, अर्को दिन परम्परागत कुवाँ र नाउलामा गौरा पुज्ने र अमुक्ताभरण सप्तमीका दिन गौरा भित्रेयाउने चलन छ । एक साता मनाइने गौरापर्व धार्मिक मात्र नभएर सुदूरपश्चिमको सांस्कृतिक र सामाजिक महत्व बोकेको प्रमुख पर्व भएको डोटी शैलेश्वरी मन्दिरका पूजारी प्रेमशङ्कर भट्टले बताउनुभयो । उहाँले भन्नुभयो, गौरा धार्मिक मात्र नभएर सुदूरपश्चिमको सांस्कृतिक र सामाजिक महत्व बोकेको पर्व भएकाले पनि यसको विशेष महत्व छ ।

सुदूरपश्चिममा भएका पौराणिक सभ्यतामध्ये गौरा सभ्यता सबैभन्दा प्राचीन मानिन्छरु। पहाडी जिल्ला डोटी पनि गौरा महोत्सवको भव्य तयारी गरिएको छरु। जिल्ला सदरमुकामसँगै गाउँगाउँमा गौरा महोत्सव भइरहेका छन्, कुनै गाउँ, टोल यस्तो बाँकी छैन जहाँ गौरा पुजनसँगै महोत्सवको तयारी नभएको होस् । 'सुदूरको प्रमुख सांस्कृतिक पर्व भएकाले यसको महत्व पनि त्यत्तिकै ठूलो छरु', पूजारी भट्टले भन्नुभयो, 'गौरा केवल पर्व मात्र होइन, यो रामायणकालीन सभ्यताको निरन्तरता हो र सामूहिक उत्तरदायित्व झल्काउने पर्व पनि होरु।' कुनै जातीय वा वर्गीय विभेद नहुने धार्मिक पर्व गौरा यस क्षेत्रमा सामाजिक एकताको पर्वका रूपमा समेत कायम रहेको छ ।

एकातिर देवीदेउताका चैत, फाग, धुमारी, ठाडो खेल र डेउडा गाएर धार्मिक लोककाव्य जीवन्त राख्ने परम्परा छरु भने अर्कोतिर नेपाल एकीकरणका वीरगाथा डेउडाका रूपमा गाएर राष्ट्रिय एकतालाई पनि गौरा पर्वले संरक्षण गरेको हुन्छरु। 'यो धार्मिक तथा सामाजिक महत्वको अद्भूत सांस्कृतिक पर्व होरु', उहाँले भन्नुभयो । सामाजिक अनुशासन, धार्मिक अनुशासनसँगै पारिवारिक अनुशासनसँग पनि पर्वको महत्व जोडिएको छ, पुजारी भट्टले भन्नुभयो, रामायणकाल, महाभारतकाल र आधुनिक कालखण्डलाई जोड्ने गौरापर्वले विगतलाई सम्झिने, वर्तमान र भविष्यलाई सुखद बनाउने लक्ष्यअनुरूप मनाउने गरेको पाइन्छ । विशुद्ध धार्मिक पर्वका रूपमा मनाइने गौरा शिव-पार्वतीको परम्परागत पूजासँगै डोटेली संस्कृतिमा देव जागरण पर्वका रूपमा समेत मनाउने गरिएको छरु। बल, तील, गुभा, धान र साउँका बोटबाट बनाइने गौरा र शिवका रूपमा काठको प्रतिमा स्थापित गरी एक हप्तासम्म पूजा गर्ने परम्परा रहेको छ ।

अविवाहित कन्याहरूले घर भित्र्याउने गौरा विर्सजन गर्दा विवाहित बुहारीले टाउकोमा नचाउँदै धार्मिक गीत गाउँदै स्थानीय मठमन्दिरमा लैजान्छन् । मठमन्दिरमा धामी, पूजारीले गौरालाई विधिवत् विर्सजन गर्ने परम्परा रहेको छरु। नेपालको सुदूरपश्चिम मात्र नभइ कर्णाली प्रदेश, भारतको कुमाउ, गडवाल, हिमाञ्चलको केही भूभाग हुँदै कश्मीरसम्म मनाउने परम्परा रहेको छ । कुमाउ गढवाल र सुदूरपश्चिममा गौरा मनाउने परम्परा एउटै भए पनि हिंमाञ्चल र कश्मीरमा भने भिन्न रहेको पाइन्छ ।

# अर्घाखाँची खिल्जी निवासी स्व. रुक्मागत गैरेको श्रद्धाञ्जली सभा काठमाडौंमा सम्पन्न




काठमाडौं । अर्घाखाँची जिल्ला भुमिकास्थान नगरपालिका वडा नम्बर ६ खिल्जी निवासी स्व. रुक्मागत गैरेको ४५ दिनको पुण्य तिथिमा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ । काठमाडौमा आयोजित एक कार्यक्रम बिच श्रद्धाञ्जली सभा सम्पन्न भएको हो ।

श्रद्धाञ्जली सभामा पूर्वउपप्रधान मन्त्री तथा नेकपाका स्थायी समिती सदस्य एवम् यूवा तथा खेलकुद बिभाग प्रमुख टोपबहादुर रायमाझीले स्व. गैरेको परिवारलाई सम्वेदना व्यक्त गदै उनको फोटोमा माल्यापर्ण गरे ।

रायमाझीले स्व रुक्मागत गैरेसंग २०४० साल देखी सामिप्यता रहेको स्मरण गर्दै गैरे राजनीतिसंगै समाज सेवामा समेत कृयाशिल रहदै आएको बताए । स्व. गैरेले आफनो क्षमता अनुसार समाजमा ठुलो योगदान दिएर गएको बताउदै नेता रायमाझीले अर्घाखाँची जिल्लासंगै देशको लागी ठुलो क्षती पुगेको बताए । रायमाझीले भने 'उहाँ मरेर गए पनि समाजमा ठूलै छाप छोडेर गएको महशुश हुन्छ, हामी बाँचेकाहरुले उहाँको योगदानलाई सम्झीरहे, त्यहि नै उहां प्रति सच्चा श्रद्धाञ्जली गरेको ठहर्छ' उनले भने । शोकलाई शक्तिमा बदलेर स्व. गैरेको योगदानलाई पछ्याउने काममा लाग्नु पर्ने रायमाझीले बताए ।





सोही कार्यक्रममै नेता रायमाझीले १० बर्षको जनयूद्व र २०६२–०६३ को जनआन्दोलनबाट प्राप्त भएको उपलब्धी कसैको धम्की र हिंसाले उल्टन नसक्ने बताए । पूर्वउपप्रधान मन्त्री समेत रहनु भएका रायमाझीले बिप्लब समूहलाई लक्षित गर्दै हिंसा, हत्याको बाटो त्यागेर शान्तिपूर्ण राजनीतिको मूलधारमा आउन आग्रह गरे ।

नेकपाका प्रभावशाली नेता डिलाराम आचार्यले स्वर्गीय रुक्मांगत गैरेको निधनले समाज र देशको लागी नै ठुलो क्षती भएको भन्दै उनले समाजमा देखाएको योगदानको अनुसरण गरेर अगाडी बढन जरुरी रहेको बताए । नेता आचार्यले भुमिगत कालमा स्वर्गीय गैरेले आफूहरुलाई बिभिन्न पटक सल्लाह सुझाब संगै सेल्टर दिएको स्मरण समेत गरे ।

नेकपाका नेता लक्ष्मण रायमाझीले परिवार जनमामा समवेदना व्यक्त गर्दै शोकलाई शक्तिमा बदल्दै अघि बढ्नु पर्ने बताए । नेता रायमाझीले आफुहरुले राजनीति संगठन बिस्तारको क्रममा आईपरेका विभिन्न कठिनाईको हल गर्न गैरेले सहजीकरणको वातावरण निर्माण गरेको स्मरण समेत गरे ।

श्रद्धाञ्जली सभा कार्यक्रमको सभापतित्व गर्नु भएका स्वर्गीय गैरेका कान्छो भाई विनाराम गैरेले दाईको निधनले परिवारमा परेको शोकलाई शक्तिमा बदल्ने प्रण गर्दै अगाडी बढने बताएका थिए । उनले दाईको निधनले परिवारको मियो र समाजले असल नागरिक गुमाएको बताएका थिए । श्रद्धाञ्जली सभा कार्यक्रमको संचालन कृष्णप्रसाद गैरेले गरेका थिए । श्रद्धाञ्जली सभा कार्यक्रममा सयौंको संख्यामा गाउँ तथा जिल्लावासीहरुको एबम् बिभिन्न क्षेत्रमा क्रियाशिल व्यवसायी , पत्रकार पेशाकर्मी लगायतको सहभागीता रहेको थियो ।

## नेकपामा ...

आफ्नो वर्चश्व बढाएर अध्यक्ष वा प्रधानमन्त्री हुन सकिन्छ कि भन्ने जोड घटाउमा कसरत गरिरहेका थिए । तर बामदेव जस्तो प्रभावशाली र निडर नेतृत्व उपाध्यक्षमा आएपछि बादल यतिबेला अलमलमा परेको देखिन्छ । यता प्रचण्डको साथ लागैं विगतको तिक्तता स्वीकार्न नसक्ने अवस्था यता केपी नेतृत्वलाई समर्थन गरौं आफ्नो लामो समयदेखि पालेको सपना उपाध्यक्षमा बामदेव गौतम आएपछि पुरा नहुने भएपछि अलमलमा परेका छन् ।

अर्का नेकपामा पोलिट्ब्यूरो सदस्य तथा सरकार भित्रकै विद्रोही नेता भनेर चिनिएका भिमरावल यतिबेला बलियो स्थितिमा तंग्रीन थालेका छन् । विगतमा गृहमन्त्री तथा उपप्रधानमन्त्री समेत चलाइसकेका रावल विष्णु पौडेललगायतका खेमाहरुकै कारण अवसरबाट वञ्चित हुँदै आएका थिए । पछिल्लो समयमा ७ नं प्रदेशका मुख्य मन्त्री महेन्द्रबहादुर शाही लगायत पुर्व माओवादी र पूर्व एमालेका गुटका नरहेमा तटस्थ पक्षले भीम रावललाई समर्थन र साथ दिन थालेपछि पछिल्लो समयमा तंग्रीदै गएको देखिन्छ ।

नेकपाका पार्टी समिकरण गर्दा नै महासचिवको आकांक्षी देखिएका अहिले रक्षामन्त्री रहेका ईश्वर पोखरेलको माक्षमा पल्लाभारी भएको छ । यता रक्षामन्त्री महत्वपूर्ण जिम्मेवारी छ भने अर्कोतर्फ नेकपाका संगठन विभाग प्रमुखको जिम्मेवारी प्राप्त भएको छ । विगतमा विष्णु पौडेल र ईश्वर पोखरेल केपीको एउटै खेमामा रहेको भएपनि आफ्नो हैसियत बनाउनको लागि प्रतिस्पर्धा गर्न पछि नपरेमा पौडेल र पोखरेल बीचको लडाइले ईश्वर पोखरेलको पल्लालाई कसरी हेर्छ त्यसमा निर्भर पर्छ भन्नेहरु पनि भेटिन्छन् ।

एउटै जंगलका दुईवटा शेर हुन्छ भन्ने कथा कहिँ कतै पनि छैन दुईटा भएमा लडाई गरेर एउटाले जितेर अर्को हारेपछि त्यस जंगलबाट हार्ने सिंह बाटो लागेको कथा पढ्न पाइन्छ । तर नेपालको ठुलो पार्टी नेकपा-नेकपामा दुईवटा अध्यक्ष छन् एउटा केपी शर्मा ओली, अर्को पुष्पकमल दाहाल (प्रचण्ड) यी दुबै पार्टी अध्यक्ष हुन् । पार्टी एकीकरण भएको झण्डै डेड वर्षमा विभिन्न खालका असन्तुष्टिहरु आउने गरेकै छन् । भर्खर प्रचण्डको अभिव्यक्ति सार्वजनिक हुँदा पार्टी एकीकरण नगरेको भए बिप्लव जंगल जान्थेनन् कि भनेर सांकेतिक असन्तुष्टि पोखेका छन् । त्यो असन्तुष्टि बाहिर देखिन थालेपछि प्रधानमन्त्री ओलीले पूर्व प्रधानमन्त्री पार्टी अध्यक्ष झलनाथ खनालले गरेको बामदेव गौतमलाई उपाध्यक्ष र आफ्नो वरियादामा ख्याल गर्न गरेको प्रस्ताव स्वीकार भएपछि कुनै बेला प्रचण्डले झलनाथलाई प्रधानमन्त्री बनाउन खेलेको भूमिकाले गर्दा प्रचण्ड डबल नेकपाको पार्टी अध्यक्ष बन्ने संकेतको रुपमा बुझ्न सकिन्छ ।

नेकपाभित्र निकै सक्रिय र अभ्यास गर्न माहिर मानिने र अन्य पूर्व प्रधानमन्त्री तथा अध्यक्ष भन्दा बढी जनसम्पर्क गर्न सक्ने, गरिरहेको माधव कुमार नेपालको वरियता यतिबेला नेकपाभित्र घटुवामा परेको छ ।

त्यसै त यो सरकारले गरेको काम प्रति तिखो आलोचना गर्दै आएका नेपाललाई उनले राखेको एक व्यक्ति एक पदको प्रस्ताव अस्वीकार भएपछि पार्टीको वरिष्ठ नेतामाथि ५ रेक्टर स्केलको भूकम्प जतिकै झड्का लागेको जस्तै गरी प्रतिक्रिया दिएका छन् । उनको प्रतिक्रियाबाट महाभूकम्पको झट्का जाने हो कि भन्ने आशंका जन्मिन थालेका छन् ।

नेकपामा तल्ला कमिटीहरुमा ठुलठुला विवाद सृर्जना हुन थालेका छन् । सरकारमा गएका मन्त्रीका वरिपरि बस्ने अवसर पाउने र ठेक्का पट्टा हत्याएर मनग्य आम्दानी गर्नेहरुले नै पार्टीको महत्वपूर्ण जिम्मेवारी पाउने तर कम्युनिष्ट आन्दोलनबाट खरिएर त्याग, तपस्या गरेकाहरुले अवसर नपाउने र माओवादी र एमाले एकीकरणपछि जनवर्गीय संगठनहरुमा देखिएको असन्तुष्टिले भयंकर असन्तुष्टिको ठुलो चाङ बन्दै गएको देखिन्छ ।

नेपालमा कम्युनिष्ट पार्टी आदर्शवान, निष्ठा र सबैको हितमा काम गर्छ भनेर नेपालीहरुले बुझ्दै आएका थिए । कम्युनिष्टहले जात, धर्म, लिंगको विश्वास गर्दैनन् भन्ने बुझाई आज पनि नेपालमा छ । तर व्यवहारमा सत्तामा पुगेका पार्टीहरुले जातको नाममा, भाषाको नाममा, वर्णको नाममा अधिकार खोजेर, बाँडेर नेपालको स्थायित्वलाई भत्काउने तिर अग्रसर गराइराखेको छ । कहिल्यै अरुको दासत्व नस्वीकारेको देश नेपाल यतिबेला विदेशीहरुको षड्यन्त्रमा गइराखेको छ । नेपालमा गर्नुपर्ने कामहरु केही पनि गरिएका छैनन् । उद्योग भएका बन्द गरिएका छन् । नयाँ खोलिएका छैनन् । नेपालीलाई आत्मनिर्भर बनाउन काम गरेका छैनन् । विदेशमा पठाएर नकारात्मक संस्कृतिक भित्र्याउन लालयित छन् । त्यो प्रजातन्त्र स्थापनादेखि गणतन्त्रको १५ वर्ष भइसक्दा पनि यो निरन्तर नेपालीहरुले दुःख पाइनै राखेका छन् । नेपाल सरकारले गर्नुपर्ने कामप्रति ध्यान देओस् ।

## सिदार्थ ...

देखिन्छ । सिदार्थ बैंकमा सञ्चालकहरु वीचको विवाद,, कार्यकारी प्रमुखको गैरजिम्मेवारीपनले गर्दा सिदार्थ बैंकको भविष्य यसै भन्न नसकिने अवस्थामा पुगेको जानकारहरु बताउँछन् ।

## प्रदेशस्तरीय ...

समितिहरु जोडिएको छ । कार्यक्रममा दर्जनौ नेता, कार्यकर्ताहरु पार्टीमा थपिएका छन । नेवा-ताम्सालिङ प्रदेशका अध्यक्ष पासाङ मोक्तनको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रदेशमा कार्यरत पार्टीका केन्द्रीय सदस्यहरु तथा जबज मोर्चाका नेताहको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा विभिन्न जिल्लाबाट प्रतिनिधिमूलक ढंगको सहभागिता देखिन्थ्यो ।

माओवादी केन्द्रका नेता, कार्यकर्ताहरुको बाक्लो उपस्थिति रहेको उक्त कार्यक्रममा पार्टी अध्यक्ष गोपाल किरातीले पछिल्लो राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिको बारेमा चर्चा गर्दै मार्क्सवाद र संशोधनवादको प्रभाव र नेपाली क्रान्तिका मौलिक विचार कार्यदिशाको कार्यान्वयनबारे प्रशिक्षण दिएका थिए ।

त्यस्तै उपाध्यक्ष थापाले जनवादी केन्द्रीयता र संगठन संचालन विधिवारे तथा सचिव तिमल्सिनाले नेवा-ताम्सालिङ प्रदेशको वस्तुस्थिति, पार्टीको कार्ययोजना र कार्यभारबारे प्रशिक्षण दिएका थिए । कार्यक्रममा पार्टीको सर्कुलर पोलिटव्यूरो सदस्य रायमाझिले वाचन गरेका थिए भने पार्टीका नेता लोकराज जैसीले एकता प्रकृयाबारे अनुभूतिजन्य मन्तव्य सहित पार्टी आन्दोलन र कार्यक्रमबारे मन्तव्य राखेका थिए ।

त्यसैगरी पार्टीको योजना अन'सार नेकपा (माओवादी केन्द्र) का महाचिव कर्णजित बुढा लगायतका नेताहरु अहिले बैठक तथा प्रशिक्षणको कार्यक्रम लिएर देशव्यापी दौडाहमा रहेका छन । प्रदेश स्तरिय बैंठकको अन्तर्गतको पहिलो कार्यक्रम प्रदेश पाँचमा गत श्रावण २५ गते बर्दियाको बारबर्दिया नगरपालिकामा सम्पन्न भएको हो ।

पार्टीको बैंठक तथा प्रशिक्षण कार्यक्रसँगै त्यहाँ नेकपा (क्रान्तिकारी माओवादी) बिद्रोही समूहबाट एकता प्रकृयामा आएका एक दर्जनौं नेता, कार्यकर्ताहरुलाई प्रदेश पार्टीले भव्य रुपमा स्वागत समेत गरेको थियो । प्रदेश पाँचको बैठक माओवादी केन्द्रका प्रदेश अध्यक्ष अभिन गोतामेको अध्यक्षता र पार्टी महासचिव कर्णजितको प्रम'ख आतिथ्यतामा सम्पन्न भएको थियो ।

## भदौ ...

भए पनि केहि वर्ष यता भने व्यापार ओरालो लागेको छ । व्यापार उकालो लाग्ने अवस्था अझै सुधार हुन सकेको छैन । यसलाई ऋण दिने प्रक्रियाले असर पारेको सिजी मोटर कर्पका कार्यकारी निर्देशक करण चौधरीको दाबी छ ।

उनले भने 'ग्राहकले जति सजिलै लोन पाउँछ त्यती सजिलै बिक्रि पनि हुन्छ । ऋणको सुधार यो वर्ष खासै भएको छैन ।' यस वर्षको अटो प्रर्दशनीले राम्रो व्यापार गर्ने अपेक्षा लिनुका साथै अवलोकनकर्ताको पनि राम्रो उपस्थित हुनेछ ।'

सो प्रदशनीमा अघिल्ला वर्ष जस्तै विद्यार्थीहरुका लागि एक सय ५० रुपैयाँ र अन्यका लागि दुई सय रुपैयाँ प्रवेश शुल्क रहेको कम्पनीले जानकारी दिएको छ ।

## आइएमई ...

समितिको निर्देशानुसार धितोपत्र ऐन बमोजिम निर्देशित तथा अन्य आवश्यक प्रकियाहरु पूरा गरि सर्वसाधारणका लागि शेयर जारी गरिने समेत बताउनु भयो । साथै, आर्थिक पहुँच र वित्तीय साक्षरताबढाउने काममा कम्पनीले सहयोग गरिरहेको र यसलाई अझ प्रभावकारी बनाउनु पर्नेमा जोड दिनुभयो ।

सोहि अवसरमा कम्पनीले विभिन्न संघ संस्था तथा त्यसका कर्मचारी तथा सदस्यहरुको सुविधा तथा लाभलाई मध्यनजर गरि भर्खरै बीमा समितिवाट स्वीकृती प्राप्त नयां जीवनबीमा लेख आइएमई सामूहिक सावधिकबोनस सहितको जीबनबीमा योजना सार्वजनिक गरेको छ ।

सोहि अवसरमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्टले जीबन बीमा ब्यबसायमा महत्वपूर्ण भुमिका खेल्ने अभिकर्ताको लागि आर्कषक एवं उत्प्रेरक बिबिध प्रोत्साहन योजनाहरु कार्यन्वयन गरिने जानकारी गराउनु भयो ।

सञ्चालन भएदेखि नै कम्पनीको सफलतामा हरतरहले सहयोग दिनुहुने नियमनकारी निकाय बीमा समिति, कम्पनी रजिष्ट्रारको कार्यालय, सरोकारवाला सम्पूर्ण निकायहरु, सञ्चालक समितिका सदस्यहरु, सस्थापक शेयरधनी महानुभावहरु, कर्मचारीहरु, अभिकर्ताहरु प्रति कम्पनीले हार्दिक धन्यवाद एवम् कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा समेत सोहि किसिमले सहयोग गर्नु हुने विश्वास लिएको व्यहोरा जनाएको छ ।

व्यवसाय सुचारु भएको दोस्रो वर्ष सम्ममा कम्पनीले देशका सातै प्रदेशकाबिभिन्न ८५ स्थानमा शाखा कार्यालयहरु स्थापना गरि बीमा सेवा पुऱ्याउदै आएको छ । कम्पनीले यस आर्थिक बर्ष २०७६/७७ मा थप शाखा/उपशाखाहरु बिस्तार गरि बीमाको पहुँच तथा सेवादिने योजना रहेको जानकारी गराएको छ । साथै, कम्पनीले आर्थिक बर्ष २०७५/७६ मा रु. ९१ करोड बीमा शुल्क संकलन गर्न सफल भएको जानकारी पनि गराएको छ ।

## मेगा ..

मेगा बैंकको एक्सटेन्सन काउन्टर संख्या २० पुगेको छ ।

एक्सटेन्सन काउन्टरको विस्तार पछि यातायात कार्यालयमा राजश्व बुझाउने सेवाग्राहीहरुलाई सहज हुने मेगा बैंकको विश्वास छ । अन्य सरकारी कार्यालयहरुमा पनि यसरी नै एक्सटेन्सन काउन्टर विस्तार गरी सेवा प्रदान गर्ने मेगा बैंकको योजना रहेको छ । ग्राहकको विश्वास जित्दै अघि बढिरहेको मेगा बैंकका उपत्यकासहित देशभर १ सय २ वटा शाखा कार्यालयहरु छन् ।

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, सम्पर्क कार्यालय: ०१-४४६२९३९, चाबहिल, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस